# खोटाङको नुनथला क्षेत्रमा प्रचलित लोककथाको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत
स्नातकोत्तर तह द्वितीय वर्षको लोकसाहित्य र अध्ययनपत्र
(५४०-६) को आंशिक आवश्यकता परिपूर्तिको
लागि प्रस्तुत

**अध्ययनपत्र**

**अध्ययनकर्ता**
शान्ता श्रेष्ठ
प्राइभेट
शैक्षिक सत्र : २०७५/७६
परीक्षा रोल नं. : ९६२७८०२
त्रि.वि. रजिस्ट्रेसन नं. : ९-२-२२३-१५६-२०१०
नेपाली केन्द्रीय विभाग
त्रि.वि., कीर्तिपुर
२०८०

# कृतज्ञताज्ञापन

प्रस्तुत अध्ययनपत्र त्रिभुवन विश्वविद्यालय नेपाली स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनार्थ तयार गरिएको हो । **खोटाङको नुनथला क्षेत्रमा प्रचलित लोककथाको अध्ययन** शीर्षकको प्रस्तुत अध्ययनपत्र मैले आदरणीय गुरु प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलज्यूको निर्देशनमा तयार पारेकी हुँ । आफ्ना विविधकार्य व्यस्तताका बाबजुत पनि मलाई अध्ययनपत्र तयार पार्न अभिप्रेरणा दिँदै निरन्तर सचेत गराउँदै समुचित मार्गनिर्देशन र सुझावहरू प्रदान गर्नु हुने श्रद्धेय गुरुज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

यसैगरी यो सुन्दर जीवनमा शिक्षा, ज्ञान, विवेक नै मानिसको सबैभन्दा ठूलो सम्पत्ति हो र यो निरन्तर चलाइरहनु पर्दछ भन्ने भावना, उत्प्रेरण दिने मेरा आदरणीय मातापिताप्रति चिर ऋणि छु ।

नेपालको पहाडी जिल्ला खोटाङ क्षेत्रमा प्रचलित लोककथाको खोज गरी सङ्कलन गर्न प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण इष्टमित्र समाजका अग्रज महानुभाव तथा लोककथा वाचकप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा यो अध्ययनपत्रको आवश्यक मूल्याङ्कनको लागि नेपाली केन्द्रीय विभाग समक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

शान्ता श्रेष्ठ
नेपाली केन्द्रीय विभाग
त्रि.वि., कीर्तिपुर

मिति : २०८०/११/२०

# विषयसूची

## पहिलो परिच्छेद
## अध्ययनपत्रको परिचय


| | | |
|---|---|---|
| १.१ | विषयपरिचय | १ |
| १.२ | समस्याकथन | १ |
| १.३ | अध्ययनको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको समीक्षा | २ |
| १.५ | अध्ययनपत्रको औचित्य र महत्त्व | २ |
| १.६ | अध्ययनको सीमाङ्कन | ३ |
| १.७ | शोधविधि | ३ |
| १.८ | अध्ययनपत्रको रूपरेखा | ३ |


## दोस्रो परिच्छेद
## खोटाङको नुनथलाको सङ्क्षिप्त परिचय


| | | |
|---|---|---|
| २.१ | विषयपरिचय | ४ |
| २.२ | नुनथलाको सङ्क्षिप्त परिचय | ४ |
| | २.२.१ भौगोलिक अवस्था र क्षेत्रफल | ५ |
| | २.२.२ शैक्षिक अवस्था | ५ |
| | २.२.३ आर्थिक अवस्था | ५ |
| | २.२.४ धार्मिक अवस्था | ५ |
| | २.२.५ सामाजिक अवस्था | ६ |
| | २.२.६ सांस्कृतिक अवस्था | ६ |
| | २.२.७ लोकसाहित्यिक अवस्था | ६ |
| २.३ | निष्कर्ष | ७ |


## तेस्रो परिच्छेद
## नुनथला क्षेत्रको सङ्कलित लोककथा


| | | |
|---|---|---|
| ३.१ | विषयप्रवेश | ८ |
| ३.२ | लोककथाको पूर्वपाठ | ८ |
| | ३.२.१ कमिला र चरो | ८ |
| | ३.२.२ बुढाबुढी | ९ |
| | ३.२.३ राजकुमारी र मुसा | १० |

३.२.४ लठेप्रो छोरो १२
३.२.५ सियो र बन्दुक १३
३.२.६ कञ्जुस बुढी र चलाख बटुवा १४
३.२.७ चाम्लिङ्गे चुक्ली १५
३.२.८ थिविया चरा १७
३.२.९ नूनको पैँचो १८
३.२.१० स्वनारिपा २०

**चौथो परिच्छेद**
**सङ्कलित लोककथाको वर्गीकरण र विश्लेषण**

४.१ विषयप्रवेश २२
४.२ सङ्कलित लोककथाको वर्गीकरण २२
४.२.१ सामाजिक लोककथा २२
४.२.२ पशुपंक्षीसम्बन्धी लोककथा २२
४.२.३ पौराणिक लोककथा २२
४.३ सङ्कलित लोककथाको विश्लेषण २२
४.२.१ सामाजिक लोककथा २२
४.२.२ पशुपंक्षीसम्बन्धी लोककथा ३०
४.२.३ पौराणिक लोककथा ३१
४.४ निष्कर्ष ३२

**पाँचौँ परिच्छेद**
**सारांश तथा निष्कर्ष**

५.१ सारांश ३६
५.२ निष्कर्ष ३६

**सन्दर्भ सामग्रीसूची**

# पहिलो परिच्छेद

# अध्ययनपत्रको परिचय

## १.१ विषयपरिचय

सङ्घीय संरचनाअनुसार हालको प्रदेश नं. १ अन्तर्गत चौध जिल्लाहरूमध्येको एउटा जिल्ला खोटाङ हो । खोटाङको सिमाना पूर्वमा भोजपुर, पश्चिममा ओखलढुङ्गा, उत्तरमा सोलुखुम्बु र दक्षिणमा उदयपुरसँग गासिएको छ । पूर्वको पशुपति भनेर चिनिने प्रचलित हलेसी मन्दिर यसै जिल्लामा अवस्थित छ ।

लोककथा नेपाली समुदाय र समाजमा परापूर्वककालदेखि चलिआएको लोकसाहित्यको एक महत्त्वपूर्ण विधा हो । प्रत्यक्ष रूपमा रचना नगरी समाज तथा जनमानसको बोलीचाली तथा भाषा, संस्कृति, धर्म आदिबाट विकसित हुँदै आउने लोकसाहित्यको विधाका रूपमा लोककथालाई लिने गरिन्छ । लोक कथा समाजमा व्यप्त आर्थिक गतिविधि, मानिसका व्यावहारबाट पनि प्रभावित हुन्छ । यसले जनमानसका अर्न्तमनका व्यथा, हाँसो, आँशु तथा मानवीय जनवेदना, संवेग आदिलाई समेटेको हुन्छ । तसर्थ मानिसका हरकिसिमका संवेगहरूलाई प्रस्फुटित एक मौलिक प्रस्तुति लोककथा हो । जब मान्छेले अचम्म-उदेक, रोमाञ्चक, भयानक घटनादि देख्यो अथवा त्यस्ता कुराको कल्पना गऱ्यो, तब उसले अरूलाइ सुनायो होला । त्यही नै कुरा अरूले अरूलाई हुँदै पुस्तौँसम्म मौखिक रूपमा प्रचलन भई संसारमा लोककथाको सृष्टि भएको हो । यसमा आदिम मान्छेका भावना, अनुभव, नीति-शिक्षा आदि सञ्चित हुन्छन् । घरमा बेलुकी फुर्सद पाई अगेनाको डिलको वरिपरि आगो ताप्दै बसी घरका बाजेबज्यैले केटा-केटीलाई रोचक ढङगले लोककथा सुनाउने परम्परा रहेको छ । यसका पनि विभिन्न भेद रहेका छन् । परीकथा, किंवदन्ती, दन्त्यकथा, कथाकुथुङ्ग्री आदि यसका भेद हुन् । यसभित्र मान्छे, चरा-चुरूङ्गी, पशु, भूत-प्रेत, अप्सरा, देव-देवता, राक्षस सबै समावेश हुन सक्छन् । यसको विषयवस्तुले पनि व्यापकता पाएको छ ।

प्रस्तुत अध्ययनपत्रमा खोटाङको नुन्थला क्षेत्रमा प्रचलित लोककथालाई लोककथाको तफ्वगत आधारमा सङ्कलन र विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

हाम्रो समाजमा विभिन्न प्रकारका लोककथाहरू लुकेर रहेका छन् । यस्ता कथाहरू मौखिक रूपमा मात्र जीवित रहेका देखिन्छन् । त्यसैले ती कथाहरूलाई सङ्कलन र विश्लेषण गरी अध्ययनलाई पुरा गर्नका लागि यस अध्ययनपत्रमा यस नुनथला क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन तथा सङ्कलित कथाको तफ्वगत आधारमा विश्लेषण गर्नु मुख्य समस्याको रूपमा लिइने छ । यस अध्ययनपत्र निम्नलिखित समस्यामा रहेका छन् :

(१) नुनथला क्षेत्रमा केकस्ता लोककथा प्रचलनमा छन् ?

(२) सङ्कलित लोककथाहरूको वर्गीकरण र विश्लेषण केकसरी गर्न सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

हरेक अध्ययन अनुसन्धानको केही निश्चित उद्देश्य हुन्छ । प्रस्तुत अध्ययनपत्रको उद्देश्य समस्याकथनमा उल्लेख गरिएका समस्याहरूको प्राज्ञिक समाधान खोज्नु रहेको छ । यस अध्ययनपत्रका उद्देश्यहरूलाई बुँदागत रूपमा निम्नलिखित प्रस्तुत गरिएका छन् :

(१) नुनथला क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन गर्नु ।

(२) सङ्कलित लोककथाहरूको वर्गीकरण र विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

लोकसाहित्यका अन्य विधामध्ये लोककथालाई महत्त्वपूर्ण विधाका रूपमा लिने गरिन्छ । लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण भए पनि कतिपय क्षेत्रमा प्रचलित लोककथाको व्यापक रूपमा अध्ययन नभएकै कारण आज महत्त्वपूर्ण स्थान राख्ने लोककथाहरू इतिहासको गर्भमा बिलाउँदै छन् । खोटाङ जिल्लाको नुनथला क्षेत्रमा प्रचलित लोककथाहरूबारे धेरै कामहरू सम्पन्न हुन बाँकी नै छन् । तसर्थ खोटाङ जिल्लाको नुनथला क्षेत्रमा प्रचलित लोककथाहरूको अध्ययन र विश्लेषण नभएकोले यहाँ सो कार्य गरिएको छ ।

बोधराज पौडेल (२०७२) ले "हलेसी क्षेत्रमा प्रचलित लोककथाको अध्ययन" अप्रकाशित अध्ययनपत्रमा हलेसी क्षेत्रको आसपासका क्षेत्रहरूको लोककथाहरूको अध्ययन तथा विश्लेषण गरेका छन् । कथाहरूको विश्लेषण गर्ने क्रममा लोककथाको तफ्वगत आधारमा गरेका छन् । तसर्थ उनको यस अध्ययनले यस अध्ययनपत्रलाई अध्ययन तथा विश्लेषण गर्न सहयोग मिलेको छ ।

अर्जुनकुमार श्रेष्ठ (२०७९) ले "खोटाङ जिल्लाको रावावेशी गाउँपालिका क्षेत्रमा प्रचलित लोककथाको अध्ययन" अप्रकाशित अध्ययनपत्रमा खोटाङ जिल्लाको रावावेशी गाउँपालिका क्षेत्रमा प्रचलित लोककथाको तफ्वगत रूपमा अध्ययन तथा विश्लेषण गरेका छन् । कथाहरूको विश्लेषण गर्ने क्रममा लोककथाको तत्त्वगत आधारमा गरेका छन् । तसर्थ उनको यस अध्ययनले यस अध्ययनपत्रलाई अध्ययन तथा विश्लेषण गर्न सहयोग मिलेको छ ।

## १.५ अध्ययनपत्रको औचित्य र महत्त्व

प्रस्तुत अध्ययनकार्यले लोककथाका अध्येता, पाठक, भावक एवम् अनुसन्धानकर्तालाई थप आधार सामग्री उपलब्ध हुने भएकाले यो अध्ययन महत्त्वपूर्ण छ । यस अध्ययनपत्रमा खोटाङ जिल्लाको नुनथला क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन र अध्ययन गरिएकाले नेपाली लोकसाहित्यको अध्ययनका परम्परामा यसको महत्त्वपूर्ण र औचित्यपूर्ण रहने छ ।

## १.६ अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययन नुनथलाको आसपासमा रहेको गाउँ महुरे, धौलाङ, हाँनु, दम्कु र गोपीनीको क्षेत्रमा सीमित रहने छ । यी क्षेत्रमा प्रचलित १० लोककथालाई सङ्कलन गरी केही कथाको तत्त्वगत आधारमा विश्लेषण गरिने छ । लोककथाको सङ्कलन गर्दा स्थानीय स्तरका पाका र जानकार व्यक्तिले दिएको सूचनाको आधारमा गरिएको छ ।

## १.७ शोधविधि

प्रस्तुत अध्ययनपत्र सम्पन्न गर्न सम्बन्धित क्षेत्रमा गई लोककथाहरू सङ्कलन गरिएको हुनाले क्षेत्रीय अध्ययनविधिको प्रयोग गर्दै स्थलगत भ्रमण गरी सामग्री सङ्कलन गरिएको छ । त्यसका निम्ति खोटाङ जिल्लाको नुनथला क्षेत्रमा गई त्यहाँका स्थानीय बासिन्दाहरूबाट यस अध्ययनपत्रका निम्ति कच्चा सामग्री सङ्कलन गरिएको छ । यसमा आवश्यकतानुसारको पुस्तकालयीय कार्यको समेत उपयोग गरिएको छ । यसमा निगमन विधिको प्रयोग गर्दै लोककथाहरूको अध्ययन लोकसाहित्यको विधातात्त्विक विश्लेषण गर्ने सैद्धान्तिक आधारबाट गरिएको छ ।

## १.८ अध्ययनपत्रको रूपरेखा

प्रस्तुत अध्ययनपत्रलाई व्यवस्थित र सङ्गठित तुल्याउन निम्नानुसारको परिच्छेद र आवश्यकताअनुसार अन्य शीर्षक र उपशीर्षक विभाजन गरिको छ :

पहिलो परिच्छेद : अध्ययनपत्रको परिचय

दोस्रो परिच्छेद : नुनथला क्षेत्रको सङ्क्षिप्त परिचय

तेस्रो परिच्छेद : नुनथला क्षेत्रको सङ्कलित लोककथा

चौथो परिच्छेद : नुनथला क्षेत्रको सङ्कलित लोककथाहरूको वर्गीकरण र विश्लेषण

पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष

सन्दर्भ सामग्रीसूची

# दोस्रो परिच्छेद

# खोटाङको नुनथलाको सङ्क्षिप्त परिचय

## २.१ विषयपरिचय

खोटाङको नुनथलाको सङ्क्षिप्त परिचय दिनुका साथसाथै नुनथलाको भौगोलिक, आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक र लोकसाहित्यिक अवस्थाको परिचय दिइएको छ ।

## २.२ नुनथलाको सङ्क्षिप्त परिचय

नेपालको पूर्वी पहाडी जिल्लामध्ये एक खोटाङ जिल्ला पनि हो । संघीय संरचना अनुसार प्रदेश नं. १ मा पर्ने यस जिल्लामा दुई नगरपालिका र आठ गाउँपालिका रहेका छन । पूर्वमा भोजपुर, पश्चिममा ओखलढुङ्गा, उत्तरमा सोलुखुम्बु र दक्षिणमा उदयपुर जिल्लाको सिमाना रहेको यस जिल्लाको क्षेत्रफल १,५९१ वर्ग किलोमिटर रहेको छ । समुद्र सतहबाट १५२ मिटर देखि ३,६२० मिटरसम्मको उचाइमा अवस्थित खोटाङ जिल्ला २६ डिग्री ५० "देखि २७० २८" उत्तर अक्षांश र ८६ डिग्री २६ "देखि ८६ डिग्री ५९" पूर्व देशान्तरमा फैलिएको छ । वि.स. २०६८ को जनगणना अनुसार यस जिल्लाको कुल जनसङ्ख्या २,२७, ३०६ रहेको पाईन्छ । माझकिराँतको रूपमा परिचित खोटाङ यातायातको दृष्टिले ज्यादै दुर्गम र पूर्वाधार विकासको दृष्टिले पनि पछि परेको जिल्ला हो । तीनवटा विमानस्थल रहेको यस जिल्लालाई मध्यपहाडी लोकमार्गले शहरी सञ्जाललाई जोडेको छ (http://rupakotm-ajhuwagadhimun.gov.np/en) । धार्मिक तथा पर्यटकीय स्थल हलेसी महादेवस्थान, बराहापोखरी लगायत ट्याम्केडाँडा, मैयू, मेरुङ्गडाँडा, रूपाकोटडाँडा, मझुवागढी जस्ता प्राकृतिक सुन्दरताले भरिएको खोटाङ जिल्लाको सदरमुकाम दिक्तेल बजारमा रहेको छ ।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका अन्तर्गत नुनथलाको ऐतिहासिक, धार्मिक, साँस्कृतिक, साहित्यिक आदि विभिन्न क्षेत्रका आफ्नै अस्तित्व र पहिचान छ । त्यति लामो नभए पनि करिब २७/२८ वर्षको आफ्नै इतिहास कायम गरिसकेको नुनथला दुर्गम साथै अति विकट पहाडी जिल्ला खोटाङको ७६ गा.वि.स. हरू मध्येको एक गा.वि.स. हो । सदरमुकाम दिक्तेलबाट ४ कोश उत्तरपश्चिम, प्रशिद्ध धार्मिक स्थल पूर्वको पशुपति भनिने हलेसी महादेव स्थानबाट पाँच कोश पूर्व उत्तर र खोटाङको एउटै मात्र सञ्चालित हवाइमैदान लामीडाँडाबाट तीन कोश दक्षिणपूर्वमा नुनथला क्षेत्र अवस्थित छ । खोटाङको साविक नुनथला गा.वि.स.मा महुरे, धौलाङ, हाँवु, पुइलुङ, नुनथला वारिखाम्ला, पारिखाम्ला, लुकुवाखाम्दा, गैरी हुर्लुङ र भञ्ज्याङ (तामाङ गाउँ) गरी ९ वटा वडालाई समेटेर दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकामा समेटिएको छ (राई, २०६१, पृ. १) । नुनथलाको वडा कार्यालय, स्वास्थ्य चौकी र प्रहरी प्रशासन नुनथला स्कुल डाँडामा रहेको छ ।

### २.२.१ भौगोलिक अवस्था र क्षेत्रफल

नुनथला समुद्र सतहबाट करिब ६०० मिटर देखि २४०० मि सम्मको उचाइमा अवस्थित छ । यस क्षेत्रको कुल क्षेत्रफल १०२८५८१५ वर्ग मिटर रहेको छ (राई, २०६१, पृ.४) । भने बनावट दक्षिण दिशा मोहोडा फर्काइ करालो भएर बसेको छ । २०७८को जनगणनाअनुसार नुनथलाको जनसङ्ख्या १७९२ रहेको छ । जसमध्ये पुरुष ८५५, महिला ९३७ छन् (https://censusnepal.cbs.gov.np/) ।

### २.२.२ शैक्षिक अवस्था

यहाँको शैक्षिक अवस्थालाई हेर्द समयसापेक्ष गुणस्तरीय शिक्षा दिन सकेको स्थिति खासै देखिदैन । सरकारी विद्यालय तथा क्याम्पसको स्थापना भने प्रशस्त रूपमा नै रहेको पाइन्छ । शैक्षिक पाठ्यक्रम समयअनुरूप व्यावहारिक र जीवनोपयोगी हुन सकेको छैन तर पहिलेको तुलनामा अहिले भने व्यावहारिक शिक्षामा जोड दिन थालेको देखिन्छ । नुनथला पनि व्यावहारिक र जीवनोपयोगी शिक्षालाई नै मध्यनजर गरेर महुरेगढी बहुप्राविधिक शिक्षालयको स्थापना २०७५ मा गरेर अहिले सञ्चालन भइरहेको छ । नुनथलाको शैक्षिक अवस्था हेर्दा कुल जनसङ्ख्याको आधारमा ५०.५१ प्रतिशत मात्र साक्षर छन् । अरु ४९.४९ प्रतिशत भने शिक्षाबाट बञ्चित भएको देखिन्छ (राई, २०६१, पृ. ८) । नुनथला क्षेत्र भित्र संस्थागत विद्यालय श्री जालपा माध्यमिक विद्यालय नुनथला, श्री पञ्चकन्या आधारभूत विद्यालय, श्री नवज्योती आवसीय विद्यायलय, श्री जनकल्याण आवसीय विद्यालय हुर्लुङ र नवबुद्ध आवसीय विद्यालय नुनथला डाँडा गरी विद्यालय सङ्ख्य ५ वटा रहेको छ ।

### २.२.३ आर्थिक अवस्था

नुनथलाको कूल क्षेत्रफलको करिव ७५ प्रतिशत जमिन कृषि भूमी रहेको छ भने लगभग २५ प्रतिशत जमिन भिरालो रहेको छ । यहाँका अधिकांश मानिसहरू कृषिमा नै निर्भर रहेका छन् । यस क्षेत्रमा माथिल्लो भेगको मूख्य बाली आलु रहेको छ भने तल्लो भेगमा मकै, धान, गहुँ, कोदो रहेको छ । नुनधला क्षेत्रमा हाल कृषकहरूले तरकारी खेतीप्रति चासो राख्दै गएको पाइन्छ । केही सडक आसपासका मानिसहरू व्यापार व्यवसायमा संलग्न छन् र एका दुई कुखुरा पालन बङ्गुर पालन, बाखा पालन पनि छन् । यस बाहेक अरु सबै वैदेशिक रोजगार नै आय आर्जनको प्रमुख पाटो रहेछ ।

### २.२.४ धार्मिक अवस्था

नुनथला धर्म संस्कृतिमा पनि विविधता रहेको छ । यस अनुसार किरात धर्मावलम्वी ६४ प्रतिशत, बौद्ध धर्मावलम्वी १८ प्रतिशत, हिन्दु धर्मावलम्वी १२ प्रतिशत, क्रिश्चियन २ प्रतिशत र अन्य ४ प्रतिशत रहेको छ (https://censusnepal.cbs.gov.np/) । यस क्षेत्रमा सबै जातजाति मिलेर बसोबास गरेको पाइन्छ ।

### २.२.५ सामाजिक अवस्था

नुनथला क्षेत्रमा किराती (राई) जातिहको बाहुल्य रहेको छ । यस क्षेत्रभित्र राई, तामाङ, शेर्पा, गुरुङ, कामी, दमाइ, गिरी, गरी लगभग ४५२ घरधुरी रहेको छ । उक्त जातजातिमा एक आपसमा सहअस्तित्व बोध गरी पारस्परिक सहयोग, सदभाव कायम रहेको छ । यहाँ वास्तवमै विभिन्न जातजाति, धर्म, भाषा, वर्ग, लिङ्ग भेषभूषामा अनेककतामा भए तापनि सबै जाति, धर्म, भाषा, वर्ण, लिङ्ग भेषभूषामा सद्भाव र एकता नै मूख्यतया विशेषता रहेको छ । यहाँको जातजातिको मौलिकपनले एक अर्काप्रतिको माया, ममता, स्नेह, सद्भाव, सौहार्दता, मैत्रीपूर्ण वातावरणमा बसोबास गरेको पाइन्छ ।

### २.२.६ सांस्कृतिक अवस्था

यहाँ जातजातिहरू आ-आफ्नै संस्कार संस्कृतिलाई ठुलो सम्पत्तिको रूपमा लिने र धुमधामका साथ मनाउने गर्दछन् । राईहरू उधौली र उभौली पर्वलाई जातीय भेषभूषामा सजिएर टोलका कुनै घरलाई निश्चित गरेर ढोल झ्याम्टाको तालमा आफ्नै भाषामा लय हालेर गीत गाउने र साकेला सिम्लीको नाच मिठो भाकाको आकर्षक नाचले अन्य जातजतिलाई समेत नाच्नको लागि प्ररित गरेर अन्य जातिहरू पनि साकेला सिल्लीमा नाच्ने गरेका छन् । त्यसै तामाङ, गुरुङ र शेर्पा यी तीन जातिले ल्होसार पर्वलाई विशेषपर्वको रूपमा मान्ने गर्दछन् । तामाङ जातिले थरको नामले मनाउने गर्दछन् । यसरी सबै जातजाति नाचेको दृश्यले जातीय संस्कार संस्कृतिप्रति सद्भाव सहिष्णुता बढेको झलक देखिन्छ ।

### २.२.७ लोकसाहित्यिक अवस्था

लोकको साहित्य लोकसाहित्य हो । लोकसाहित्यको उत्पत्ति यो समाज यसरी नै भएको हो भन्ने ठोकुवा गर्न सकिदैन । केही अनुमान भने गर्न सकिन्छ । प्रकृतिका काखमा रमाउँदै गुफा कन्दन र रुखमा गासबासको खोजी गर्दै सङ्घर्षशील जीवन बिताउँदै जब मानिसले भाषा प्राप्त गर्‍यो । त्यतिबेला देखि नै उसले केही गुनगुनाउन थाल्यो भने यो समय देखि लोकसाहित्यको उदय भएको हुनुपर्छ भन्ने मान्यता रहेको छ । त्यतिखेर मानिसले समूहमा बसेको बेलामा भाषाको माध्यमबाट समय कटाउन आफ्ना मनका कुरा कटन थाल्यो । सुख, दुःखका अनुभूति एकआपसमा साट्न थाल्यो । यस्तो भाषिक अभिव्यक्ति जब कलात्मक र विशिष्ट भयो, त्यो बेलादेखि गीत, गाथा, कथा, उखान र गाउँखाने कथा आदि लोकसाहित्यिक रचनाको जन्म भयो ।

लोकसाहित्यलाई हालको अवस्थाअनुसार भाषिक र अभाषिक गरी दुई भागमा विभाजन गरिएको छ । भाषिक वर्गअर्न्तगत लोकगीत, लोककविता, लोककथा, लोकनाटक, गाउँखानेकथा, उखान टुक्का आदि पर्दछन् भने अभाषिक वर्गअन्तर्गत लोकसङ्गीत, लोकनृत्य, लोककला, लोकशिल्प, लोकआभूषण, लोकविश्वास, लोकप्रथा आदि समेटिन्छ ।

हाम्रा कतिपय लोकपरम्मरा हुन्छन् । तिनीहरू लोपोन्मुख अवस्थामा रहेका हुन्छन् र ती लोकपरम्परलाई पछ्याइ महत्त्वपूर्ण पक्षलाई अगाडि बढाइ गति प्रदान गर्ने काम लोक साहित्यले गरिरहेको छ । मानिसले लोकसाहित्यबाट एकातिर मनोरञ्जन लिइ रहेको छ भने अर्कातिर सामय कटनी, ज्ञान, उपदेश वा शिक्षा प्राप्त गर्न थालेको छ । श्रुतिपरम्पराबाट एककान, दुइकान मैदान भई पुस्तौपुस्ता सर्दै आउने स्वभावका कारण यसले परम्पराको स्थापित मार्गलाई कहित्यै छाडेको छैन । यो मजबुत ढङ्गले परम्परामा आवद्ध रहने हुँदा यसमा एकातिर अभिव्यक्तिको पुरानो शक्ति हुन्छ भने अर्कातिर कालक्रममा बदलिदो समाज एवम् जीवनसँग गासिने हुँदा अभिवयक्तिको नयाँ तरिका समेत रहने भएकाले लोकसाहित्यमा परम्परितका साथै युगीन सचेतनाको पनि निर्वाह भएको हुन्छ । सामुहिक सिर्जनाधर्मिता भएको लोकसाहित्य सिर्जित वा शिष्ट साहित्य वैव्यक्तिक सिर्जन हुँदैन र यसको रचना एकजनाबाट नभइ पुरै समुदायबाट भइ सामुदायमा अस्तित्व र संस्कारका साथ लोकसाहित्य अगाडि बढि रहेको छ । २०७३मा स्थानीय तह पुनसंरचना पश्चात साविकका खार्मी, जाल्पा, पाथेका, निर्मलिडाँडा, चिउरीडाँडा लफ्याङ, खाम्ले, विजयखर्क, बुइपा, बाम्राङ, नेर्पा, दिक्तेल र नुनथला गाविसहरू सम्मिलित गरी दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको गठन भएको हो । यस नगरपालिका १५ वडामा विभाजित छ । जस मध्ये नुनथला १३ नं वडामा पर्दछ । हाल नुनथलाको राजनैतिक अवस्था हेर्दा सबै दलका बुद्धिजीवीले सँगै हालेमालो गरेर विकासमा अगाडि बढेको देखिन्छ ।

## २.३ निष्कर्ष

नुनथला कम जनसङ्ख्या वा कम जनघनत्व भएको क्षेत्र भए तापनि साविक सदरमुकाम दिक्तेल बजारसँग जोडिइएको छ । पूर्वको पशुपतिनाथ हलेसी महादेव स्थानको छिमेकी बन्नु र उच्च हिमाली शृङ्खलासँग सम्बन्ध कायम गर्न सक्नु, चारैतिरबाट रमणीय वनजङ्गलले घेरिनु, सानै क्षेत्र भए तापनि राष्ट्रिय स्तरका गायक, गीतकार र साहित्यकारहरूको जन्महुनु, सम्भावित पर्यटकीय स्थलको रूपमा अवस्थित हुनु र एउटै मात्र खोटाङ् जिल्लाको लागि निर्माण भएको सडक नुनथला नै भएर जानु नुनथलाको राम्रो पक्ष वा राम्रो भविष्य भन्नु पर्दछ ।

त्यसो त यति राम्रा पक्षहरू हुँदाहुँदै पनि सानो क्षेत्र भइकन प्रसस्त विकास नहुनु, निम्नतम् जनसङ्ख्या भए पनि ५० प्रतिशत मानिस शिक्षाबाट वञ्चित हुनु, बजारको व्यवस्था राम्रो नहुनु अशिक्षा र गरिबीको कारण ८० प्रतिशत युवाहरू मुगलानियाँ बन्नु युवा शक्ति एकीकृत हुन नसक्नु, शिक्षित, प्रभूत्वशाली वर्ग नयाँ पिँढीलाई मार्गनिर्देशन गर्न नसक्नु यहाँको दुर्गति हो ।

# तेस्रो परिच्छेद

# नुनथला क्षेत्रको सङ्कलित लोककथा

## ३.१ विषयप्रवेश

लोककथा परम्परा कालदेखि हाम्रो समाजमा मौलिक रूपमा चल्दै आएको कथा हो । लोकसाहित्यको विभिन्न विधामध्ये लोककथा सबै भन्दा लोकप्रिय विधा हो । यसलाई बालकदेखि बुढाबुढीले समेत अति नै चासो दिएर सुन्ने र सुनाउने गरेको पाइन्छ । लोकथा हरेक स्थान, जातजाति, भाषा, धर्ममा रहेको हुन्छ । यसले सम्बन्धित क्षेत्रको संस्कृति परम्परा आदिको व्याख्या गर्दछ । यस्ता कथाले जनमानसमा बौद्धिक ज्ञान, मनोरञ्जन जीवनोपयोगी उपदेश दिने गर्दछ । लोक कथा भन्नको लागि कुनै समय र स्थानको आवश्यकता पर्दैन प्राय: लोककथाहरू उमेर ढल्किसकेका पाका व्यक्तिहरूले भन्ने गरेको पाइए पनि हाल युवा तथा बच्चाहरूले भन्ने सुन्ने र सुनाउने गरेको पाइन्छ ।

## ३.२ लोककथाको पूर्णपाठ

नुनथला क्षेत्रमा लोककथाहरू प्रशस्तै सुन्ने र सुनाउने गरिन्छ । यसमा आफ्नो जात, भाषा, धर्म, संस्कृतिअनुसार छरिएर रहेका लोककथाहरू त्यहाँका स्थानीय वासिन्दाहरूद्वारा भन्न लगाइ लोककथा सङ्कलन गर्ने काम गरिएको छ ।

### ३.२.१ कमिला र चरो

एक समयको कुरा थियो चरा र कमिला साथी थियो । चरा र कमिला एउटै रुखमा बस्थे । रुख खोलाको फेदमै थियो । एक दिन कमिलाको खुट्टा चिप्लेर खोलामा खस्यो । खोलाले कमिलालाई बगाउदै बगाउदै लग्यो । बचाउ बचाउ भन्दै कमिला आत्तिएर चिच्यायो । आफ्नो साथीलाई बचाउन चराले जुक्ति सोच्यो र उसले रुखको पातहरू चुच्चोमा अड्कायो । एक एक गर्दै तल खोलामा खसाल्यो । पात कै आड लिएर खोलाको किनारसम्म आइ पुग्यो । किनारासम्म पुगेर कमिलाले ज्यान बचायो । कमिलाले चरालाई धन्यवाद दियो ।

त्यस्तै अर्को दिन चरा र कमिला गफ गरेर बसि रहेको थियो । एउटा सिकारी सिकार गर्न आयो । त्यो सिकारीले चरालाई देख्यो र आफूसँग भएको बन्दुकले चरालाई ताक्यो त्यसैबेला कमिलाले ठ्याकै देख्यो । कमिला पनि कम बाठो थिएन कमिलाले रुखबाटै हाम फाल्यो र सिकारीको हातमा कुटुक्क टोकिदियो । अइया ! भनेर सिकारी करायो । सिकारीले बन्दुक फ्याकेर आफ्नो हातमा हेर्‍यो । त्यतिन्जेल चरा भुर्र उडेर आफ्नो ज्यान जोगायो ।

**स्रोत व्यक्ति :** एकराज गिरी

**उमेर :** ५५ वर्ष

**ठेगाना :** नुनथला खिल्कु

### ३.२.२ बुढाबुढी

एकादेशमा चै बुढाबुढी बस्थेछ रे । एकदिन चै खोला भन्दा पारी बिहेको निम्तो थियो छ रे । अनि विहे खान जाने भएछन् बुढाबुढी । तयार भएर बाटोमा जादा जादै पानी परेर खोलामा ठुलो भल भरेछ अनि खोलाले बाटो रोक्यो अब विहेमा कसरी जाने त भनेर बुढाबुढीले सल्लाह गर्न थाले छन् । सल्लाह गर्दै जाँदा बुढाले बुढीलाई भनेछ हेर बुढी अब यो पानी पर्न रोकिदैन र खोला पनि तर्न सकिदैन मसँग एउटा उपाय छ अब फेरि घर फेर्केर एउटा अगुल्टो लेर आउ र त्यो अगुल्टोलाई खोलामा हालुम अनि त्यो आगो निभ्यो भने पानी पनि मरेको हुन्छ र हामी खोला तर्न सकिन्छ । यति भनेर बुढा चाहिँ बुढीलाई त्यही खोलाको किनारामा छोडेर बुढा चाहिँ अगुल्टो लिन घर फर्केछ । बुढा घर आएर अगुल्टो लिएर गएछ र खोलको किनारामा बसेर बुढाले चाहिँ छेउबाट अगुल्टो पानीमा फ्रोसेछ त्यहाँबाट पानीमा अगुल्टो फ्रोस्दा अगुल्टो चाहिँ बुढी पानी पनि मर्छ अब हामी खोला तर्न सक्छौ लु जानु पर्छ भनेर बुढाबुढी खोलामा पसेछ हैन अनि माभ्र खोलामा पुगेपछि चै त्यो ठुलो भरेको भलले बुढाबुढीलाई नै बगाउन लागेछ बगाउन लागेपछि बुढाबुढीले चै एकएक ओटा ढुङ्गा समाउन भेटेछ र एकछिन ढुङ्गा समाएर बसेछन् अनि बुढी चाहिँ आत्तिएर समातेको ढुङ्गा छोडेछ फेरि बगाउन आटेछ र फेरि अर्को ढुङ्गा समाउन भेटेछ त्यसै बेला बुढाले विहेमा गएर भात कति खाइस बुढी भनेछ बुढीले दुई ओटै हात उचालेर यत्ति खाएँ बुढा भनेर देखाउँदा ढुङ्गाबाट हात खुस्केर फेरि बुढीलाई फेरि त्यो खोलाको भेलले उछिट्याएर किनार तिर पछारिदिएछ र बुढा पनि आत्तिदै विस्तारै किनारतिर फर्केछ र बुढाबुढी बिहे तिर नगइ घर फर्केछ ।

**स्रोत व्यक्ति :** मिना खालिङ राई

**उमेर :** ४६ वर्ष

**ठेगाना :** नुनथला खाम्ला

### ३.२.३ राजकुमारी र मुसा

एकादेशमा एउटा राजकुमारी थियो । राजकुमारी चै प्रत्येक दिन विहान उसको नृत्य कर्म विहान उठ्ने नुहाउने र विहानको घाममा झ्यालमा बसेर कपाल सुकाउदै घाम ताप्ने गर्थ्यो । यसै क्रममा एकदिन एउटा रूपी चरा आएछ र भने राजकुमारीको छेउमा बसेछ र भनेछ राजकुमारी तिमी मलाई साह्रै राम्री लाग्छ । तिमी मसँग विवाह गर्छौं ? भनेछ रूपीको कुरा सुनेर राजकुमारी छक्क परेछ । म कसरी रूपीसँग विवाह गर्नु भनेर एकछिन् सोचेछ । अनि भनेछ हुन्छ म तिमीलाई त्यहाँ हाम्रो गाउँमा चाहिँ एउटा ठुलो खरको छाना भएको घर छ त्यहाँ मेरो गुडछ त्यही लगेर राख्छु र त्यहाँ मेरो धान, मकै, गहुँ, कोदो आदि इत्यादि खोजेर खुवाउछु भनेछ । राज खान्दानमा बसेर राजकुमारीले कहिल्यै त्यस्तो खाना खादैन थियो त्यसैले राजकुमारीले भनेछ अँह म तिमीसँग विवाह गर्दिन भनेछ र रूपी भुर्र उडेर गएछ ।

अर्को दिन त्यसै गरी आफ्नो नृत्य कर्म सकेर कपाल सुकाउँदै झ्यालमा घाम तापिरहेको थियो । फेरी भङ्गेरा गएछ र भनेछ राजकुमारी तिमी मलाई साह्रै मन पर्छ मसँग विवाह गरन भनेछ । राजकुमारी छक्क पर्दै भनेछ ल म तिमीसँग विवाह गर्छु तर मलाई के खुवाउछौ भनेछ । भंगेराले भनेछ म तिमीलाई किरा फट्याङ्ग्राहरू खोजेर खुवाउँछु नि म भनेछ । भंगेराको कुरा राजकुमारीलाई मन मरेन र भनेछ अँह म तिमीसँग विवाह गर्दिन । भंगेरा भुर्र उडेर गएछ ।

त्यसै गरी अर्को दिन पनि राजकुमारी आफ्नो नृत्य कर्म सकेर घाममा कपाल सुकाउँदै बसिरहेको रहेछ । फेरी मुसा राजकुमारीको छेउमा गएछ र भनेछ राजकुमारी मलाई तिमी साह्रै राम्री लाग्छ म तिमीलाई जहिल्यै हेरीराख्छु यो झ्यालमा बसेको मसँग विवाह गर्छु तर मलाई कहाँ राख्छौ के खानेकुरा खुवाउँछौ भनेर भनेर भनेछ । अनि मुसाले भनेछ म तिमीलाई मेरो ठुलो सुरुङ छ त्यहाँबाट चाहिँ संसार पुग्न सक्ने गरी त्यो सुरुङ बनाएको छु म तिमीलाई त्यो सुरुङबाट संसार घुमाउँछु र म तिमीलाई त्यो सुरुङबाट संसार घुमाउँछु म तिमीलाई खानेकुराहरू राज परिवार मै खाने जस्तो खाने कुरा खुवाउछु भनेछ । यो कुरा राजकुमारीलाई मन पर्‍यो र भनेछ हुन्छ म तिमीसँग विवाह गर्छु । अनि मुसाले राजकुमारीलाई त्यहाँबाट लिएर गएछ । त्यसपछि मुसाले राजकुमारीलाई त्यो सुरुङबाट संसार घुमाएछ दुबै जना खुसी भएर घुम्दै रमाएर बसेछ । खाने कुरा पनि राजा कै जस्तो मिठामिठा परिकार ल्याउँदै खुवाउँदै गरेछ । राजकुमारी पनि धेरै खुसी हुन्थ्यो अनि त्यसरी बस्दै रमाउँदैँ खादै घुम्दै गएछ । एक दिन राजकुमारी चै बच्च जन्माउने भएछ र बच्चा जन्माएछ र मुसालाई मनेछ हेर मुसा अब तिमी बच्चाको बाउ भएउ बच्चालाई तेल लगाइ दिनुपर्छ मलाई तेल लगाइदिनु पर्छ तिमी जाउ तेल खोजेर लिएर आउ । मुसाले धेरै ठाँउ तेल खोजेछ तर तेलै पाउन सकेन छ र घुम्दै जाँदा बल्ल एउटा तेल पसलमा पुगेछ तेल चाहिँ भाडामा रहेछ तेल निकाल्नलाई मुसा भाडाबाट अलिकति लम्किदा चिप्लिएर त्यही

मरेछ । विचरा यता राजकुमारी चाहिँ मुसाले तेल लगाउँछ र बच्चालाई लगाइदिन्छ भनेर वर्षौंसम्म कुरेर बसेछ ।

**स्रोत व्यक्ति :** विमला राई

**उमेर :** ४५ वर्ष

**ठेगाना :** नुनथला धौलाङ

### ३.२.४ लठेप्रो छोरो

एकादेशमा दुई जना बुबाआमाको एकजना अलि लठेप्रो लठेप्रो छोरो रैछ । त्यो छोरा चै जे आमाबुबाले भन्यो त्यो मात्रै उसले का मगर्ने रैछ । आफ्नो सुरले केही पनि नगर्ने रहेछ । अनि ऊ चाहिँ ठुलो हुँदै गयो ठुलो हुँदै गयो । अब विहे गर्ने बेला भयो । अनि विहे गरिदिनु भयो । विहे गरेपछि उसलाई अब ससुराली पठाउने कुरा भयो अब उसले आफ्नो घरको इज्जत राख्नु पर्छ वा बेइजेत पो गर्छ कि भनेर छोराको आमाले चै भन्नु भएछ छोरा ससुराली गएर राम्रो मात्रै कुरा गर्नु ठिक छ, राम्रो छ, राम्रो हो भन्ने खालको कुरा गर्नु है भनेर सिकाउनु भएछ आमाले अनि छोरा ससुराली गयो । अनि ससुराहरूले अब के छ ? कस्तो छ ? सबै कुरा सोधपुछ भयो अनि ससुराले आफ्नो सबैकुरा सुनाउन थाल्नु भयो । हाम्रो त खेतबारी पनि बाडीले लग्यो । भैसी पनि लडेर मर्‍यो । हाम्रो त बिल्लिबाठ छ ज्वाइ भनेर ससुराले सुनाउनु भयो । ससुराले उहाँलाई सुराएपछि अब आमाले भनेको कुरा झसक्क सम्झ्यो अनि राम्रै भएछ त जे हुनु ठिकै भएछत ल राम्रो भएछ भनेर छोराले त्यस्तै खालको उत्तर दिएछ । अनि ससुराले केही पनि भनेन छ अब भोलीपल्ट भयो अब फर्किने बेला आयो । घर आयो अनि आमाले सोधिन छोरा के भयो त ससुरालमा कस्ता गफ के रैछ सञ्चो बिसञ्चो के रछ भनेर आमाले छोरालाई सोध्दा आमा ससुरालीको त भैसी पनि लडेर मरेछ । खेतबारी पनि बाडीले बगाएछ । विजोक रछ ससुरालीको भनेर छोराले आमालाई सुनायो । अनि फेरि आमाले के भनिस् त बाबु तैले भन्दा छोराले भनेछ आमा तपाईले जे सिकाउनु भएको थियो त्यै भने राम्रै भएछ ठिकै भएछ राम्रो भएछ भने आमा मैले । छोराको कुरा सुनेर आमा छक्क परेछ ।

**स्रोत व्यक्ति :** शुशिला बि.क.

**उमेर :** ५२ वर्ष

**ठेगाना :** नुनथला हाँबु

### ३.२.५ सियो र बन्दुक

बन्दुक र सियो एक अर्काको अत्यन्तै प्यारो साथी थियो । उनीहरूले एक दिन सल्ला गरे कि सिंहको शिकार गर्ने निधो भयो । निधो भए पछि उनिहरू बाटो लागे जाँदा जाँदा उनीहरू पर चौरीमा पुगे त्यो चौरीमा गोबर थियो । गोबरले सोधेछ बन्दुक दाइ र सियो दाइ कहाँ हिड्नु भयो तपाईं ? बन्दुक र सियोले भनेछ आज हामी सिंहको शिकार गर्न हिडेको त्यसो भए मलाई पनि लानु न भनि गोबरले भनेछ गोबर भाइ तिमो काम छैन हामी लान सक्दैनौ । गोबरले लानु न लानु भनेर तीन जनै हिडेछन् । जादै गर्दा पर बारीको डिलमा पुगेछन् । त्यहाँ एउटा भटमासले देखेछ र भनेछ ओहो बन्दुक दाइभाइहरू कहाँ हिन्नुभयो ? बन्दुकले भनेछ हामी सिंहको शिकार गर्न हिडेको यो सुनेर भटमासले मलाई पनि लैजानु न भनेछ भटमासले लानु कि लानु भनेर जिद्धि गरेपछि भटमासलाई पनि लिएर हिडेछ । त्यस पछि हिड्दै गर्दा एउटा खोल्सामा सिस्नुले देखेछ र भनेछ कहाँ हिड्नु भएको तपाईंहरू ? हामी शिकार गर्न हिडेको के को शिकार गर्न हिडेको भनेर सोधेछ उनीहरूले सिंहको भनेछन् । यो सुनेर सिस्नुले पनि जान्छु भनेछ र हुन्छ भनि लिएर हिडेछ । त्यसपछि अलिपर जंगलको छेउमा पुगेपछि अरिङ्गलले देखेछ र भनेछ तपाईं कहाँ हिड्नु भएको यत्रो लामा लस्कर लागेर । हामी आज शिकार गर्न हिडेको भनेछन् । अरिङगालले पनि मलाई पनि लानुस न त भनेछन् र उनीहरूले पनि लु जाउ न त जाउ धेरै जन भैयौ मिलेर सिकार गरौला भनेर हिडेछन् । बन्दुक, सियो, गोबर, सिस्नो भटमास र अरिङगाल भएर हिडेछन् । जाँदा जाँदा अघोर जंगलमा पुगेछन् । सिंह बस्ने गुफा पत्ता लगाएछन् । यहाँ सिंह शिकार गर्न बाहिर निस्केको रहेछ । हामी त्यसको बास बस्ने कोठामा गएर लुक्नुपर्छ र राती सिंह आए पछि उसको शिकार गर्नु पर्छ । यति गरेर उनीहरू आफू कहाँ बस्ने भन्ने सल्लाह भएछ र सियोले भनेछ म सिंह सुत्ने ओछ्यानमा बस्छु भटमास अगेनामा बसेछ । अनि सिस्नु चाहिँ अगेना नजिकै बस्ने भएछ । अनि अरिङगाल चै तेलको भाडा र (काठको कठुवा) मा बसेभनेछ अनि गोबर चै संघार (दैलो) मा बसेछ र बन्दुक चै दैलोको खापा वा चेपमा बस्ने भएछ । केही समय पछि सिंह मस्त अघाएर लर्खरिदै लर्खलिदै आएछ र ओछ्यानमा पल्टियो चस्स सियोले घोचिदियो । ऐया भन्दै आज मलाई के घोच्यो अगेनामा आगो फुकेर हेर्छु भन्दा भटमास पट्ट मड्केर आँखा फुटाइ दियो । के भो मलाई आज भनेर छामछुम गर्दा सिस्नुले भ्याम्म पोलिदियो राम राम आज के हुन लाग्यो नि सिस्नुले पोलेको ठाँउमा तेल घस्नु पर्‍यो भनेर जाँदा खेरी त्यहाँ चै अरिङ्गालले च्वाट्टै चिलिदियो त्यति भए पछि आत्तिएर लौ अब म यहाँ बस्न सक्दिन रैछु भनेर बाहिरिनु खोज्दा दैलाको गोबरमा फ्यात्तै चिप्लियो र पछारियो यही मौकामा दैलाको खापामा लुकेको बन्दुक निस्किएर ड्यामै हानेर सिंहको शिकार गरी सबै खुसी भएर फर्केछन् । “सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा सरासर बैकुण्ठमा जाला”

**स्रोत व्यक्ति :** इन्द्रबहादुर राई

**उमेर :** ५८ वर्ष

**ठेगाना :** नुनथला पुइलुङ

### ३.२.६ कञ्जुस बुढी र चलाख बटुवा

कुनै एउटा गाउँमा एउटा बुढी मान्छे बस्थ्यो । ऊ चाहिँ एकदमै कन्जुस थियो । एक दिन उसको घरमा एउटा बटुवा चाहिँ घुम्दै घुम्दै त्यहाँ आइपुगेछ । भोकलागेर आइपुगेको बटुवाले बुढी आमासँग बास मागेछ । बुढीआमाले बास नदिने कुरा गर्‍यो तर बटुवालाई त्यो घर छोडेर अर्को घर जान पनि अलि टाढा थियो । फर्केर आउन पनि गाउँ छोडी सकेको थियो र बुढी आमालाई भनेछ बास बस्न मात्र दिनुस मसँग एउटा ढुङ्गा छ यही पकाएर खान्छु । बटुवाको कुरा सुनेर बुढीआमा छक्क परिन् र भनिन् कसरी ढुङ्गा पकाएर खान्छौ ? छट्टु बटुवाले आफ्नो चलाखीपन देखाउँदै भनेछ म तपाईंलाई पनि चाख्न दिन्छु । तपाईंले मैले भनेको कुरा दिनुस् है त । बुढी आमाले हुन्छ भनेछ । बटुवाले पहिला मलाई एउटा भाडा र पानी दिनुस् भनेछ र बुढीआमालाई पनि ढुङ्गा कसरी पकाएर खान्छ भन्ने कुराको एकदमै चासो थियो । त्यसैले उसले भाडा र पानी ल्याइ दियो । बटुवाले पनि भाडामा पानी र ढुङ्गा हालेर उमालेर देखाउन थाल्यो । बटुवाले फेरि भन्यो अलिकति एकमुठी दाल वा कालोमास के छ दिनु भयो भने अझै मिठो हुने थियो भन्दा बुढीआमाले पनि हुन्छ भनेर भित्र दाल लिन जान्छ । दाल लिन गाको बेला त्यो चलाख बटुवाले चाहिँ ढुङ्गा निकालेर फालि दिन्छ । अनि बुढी आमाले मास ल्याएर दिन्छ । बटुवाले त्यो मास उसिन्न थाल्छ । बटुवाले फेरि भन्छ दाल त दिनु भयो फेरि एकमुठी चामाल पनि दिनुस न है भन्छ । बुढी आमा फेरि चामल लिन पस्छ र त्याएर दिन्छ । बुढी आमासँग सबै थोक रहेछ । दाल र चामल पाक्न लागेपछि बटुवाले फेरि भन्छ दाल र चामल त दिनु भयो अब एकदुई ढिक्का नुन पनि दिनुस् है भन्छ बुढी आमाले नुन पनि दिन्छ र सोध्छिन् खाने बेला भएन भनेर । बटुवाले भन्छ यति धेरै चिज त दिइ सक्नुभयो अब घिउ पनि भए अझै मिठो हुन्थ्यो आमा भनेछ र बुढी आमाले घिउ पनि एक चम्चि दिन्छ र त्यो खिचडी पाकी सकेको हुन्छ लु आमा आज तपाईं पनि ढुङ्गा खानुस भन्छ र आमालाई दिन्छ र आफू पनि खान्छ । आमा त्यो ढुङ्गा चाखेर मखख पर्छ चलाख बटुवाले त्यो ढङ्गा निकालेर फालेको आमालाई पत्तै हुँदैन त्यो ढुङ्गाको नाममा खिचडी पकाएको हो भनेर ।

**स्रोत व्यक्ति :** अकेला राई

**उमेर :** ४५ वर्ष

**ठेगाना :** नुनथला महुरे

### ३.२.७ चाम्लिङ्गे चुक्ली

अघिको कुनै एक समय साप्सु वरपर रहने मानिसहरूमध्ये कजाई खाने उर्बर जग्गा तथा अन्य प्रजातिको कविलाको आक्रमणबाट जोगिन सुरक्षित ठाउँको खोजीमा साप्सुवारतिर लागे । तीनै मध्येको एक वाछप्पा सन्तान चाम्लिङको पुर्खा र साम्पाङका पूर्खा थिए, भनिछ, उनीहरू दाजुभाइ थिए ।

लामो समयसम्म उपयुक्त जग्गाको खोजी गर्दै उनीहरू अन्त्यमा मेवाखोला पछ्याउदै उकालो लागे । केही समय उनीहरू नेर्पा क्षेत्रको बेंसी जग्गा आवाद गरेर बसे । तर त्यहाँका अन्य बासिन्दालाई विस्वासमा लिएर एक छत्र राज्य शासन स्थापना सुरक्षित स्थानको अभाव खट्किएको महसुस भयो । दुवै मुन्धुमी थिए; त्यसैले किल्ला बनाउन उपयुक्त त्यस्तो भरपर्दो ठाउँको खोजीमा लागे । उनीहरूले मुन्धुमी ज्ञानले जोखाना हान्दा "मझुवा"मा बत्ति बलिरहेको देखे र त्यो ठाउँ उपयुक्त भएको निष्कर्ष निकाले । उनीहरू मझुवा डांडा पुगे तर को शासक बन्ने भन्ने विषयमा हानाथाप भयो । दाजुभाइ तथा अन्य स्थानीयले बाजी गर्ने, जसले जित्छ उसले मझुवामा किल्ला कायम गर्ने सुझाव थिए ।

नभन्दै दुवै भाइबीच मुन्धुमी बाजी गर्ने ठाउँ, मिति र बाजीका सर्तहरू तय भयो । उनीहरूको वातुङ भाइ लगायत अन्य छोरीचेली, माइत मावली स्थानीय अन्य वासिन्दा भेला भएर दिक्तेलमा रिसिया (तान्त्रिक श्लोक) गाएर बाजी सम्पन्न गर्ने तयारीमा जुटे । चाम्लिङको पूर्खा रिसिया विद्यामा अलिक कमजोर थिए । त्यसैले उनले केही नक्कली व्यवस्था गरेका थिए तर यो कुरा साम्पाङका पूर्खालाई थाहै भएन । बाजीका सर्त बमोजिम धर्ती बोल्न लगाउने पर्ने थियो । आकासबाट वर्षात गराउनु पर्ने थियो । उनीहरूले आमने सामने चिन्ताको लागि थान थपना बनाए ।

चिन्ता बस्दै जाँदा साम्पाङका पूर्खाले आफ्नो धर्तीबाट आवाज निकाल्न लगाए । तर उनले घर्तीबाट आवाज निकाल्न सकेनन् । जब चाम्लिङको पूर्खाको पालो आयो । उनले केही अनौठो आवाज निकाले । फेरी आकासबाट पानी पार्ने विद्याको बाजी गरे तर त्यसमा पनि साम्पाङका पूर्खाले हार खाए । तर चाम्लिङको पूर्खाको पालोमा उनले तयार पारेको गोठको आकासे छिद्रबाट पानीका छिटा वर्षे । यसरी सरसर्ती देख्दा चाम्लिङको पूर्खाले रिसिया विद्यामा जिते पनि उनको तान्त्रिक शक्ति नक्कली थियो । जे होस्, बाजीमा हारेको साम्पाङका पूर्खा मझुवाको दावी छोड्न राजी भए । र मझुवाभन्दा वरपर कतै राज्य खडा गरीर बस्ने भए । चाम्लिङको पूर्खालाई आफ्नो नक्कली तन्त्रको जाल साम्पाङका पूर्खा तथा अन्यलाई समेत थाहा भएकोले उनीबाट सधैं खतरा रहने बुझे । त्यसैले उनलाई निकै टाढा पर्याउने हेतुले रूपाकोट डाँडामा गएर बसोबास गर्ने ठाउँ रोज्न सल्लाह गरे । उनीहरूले रूपाकोट डाँडामा गएर तान्त्रिक शक्ति लगाएर चारैतिर हेर्दा उत्तर पश्चिमपट्टी हालको बांसपानीमा पर्ने ख्वकोलुङ् ढुंङ्गामा जोर बत्ती बलिरहेको देखे । अब त्यहीं ठाउमा साम्पाङका

पूर्खा आफ्ना दाइ चाम्लिङ पुर्खासँग छुट्टिएर जान राजी भए । दुवै आ- आफ्नो तोकिएको ठाउँमा किल्ला खडा गरी स्थानीयहरूलाई रिझ्याई राज्य गरी बसे ।

यता चाम्लिङ्गे पूर्खाले आफ्नो धर्ती बोलाउने रिसियामा रिसिया सत्य पार्न आफ्नो थानमुनि लाहांचे चरो गाडेका थिए । त्यस्तै आकासबाट पानी पार्न थानमाथि छानामा वाबु (चिण्डो)मा पानी झर्ने व्यवस्था मिलाएको थिए । यी सब चाल पाएका सबैले “चामलिङ्गे चाम्रो हेर्दाको राम्रो, उचाल्दा चिप्लो पछार्दा फुत्क्यो” भन्ने उखान चलाए ।

**स्रोत व्यक्ति :** कमला साम्पाङ

**उमेर :** ६८ वर्ष

**ठेगाना :** नुनथला महुरे

### ३.२.८ थिविया चरा

उहिले कुनै किरात गाउँमा गरिब किसानको घर थियो । घरमा किसान भर्खरै बिहे गरी ल्याएको श्रीमतीसित बस्थ्यो । उनीहरूले सानो स्याउलाले बारेको स्यानो घर बनाएको थियो । खोला गड्तिरको उजाड पाखामा उनीहरूको खेती थियो । खेतीले खान पुग्दैनथ्यो त्यसैले उनीहरूको धेरै जसो जङ्गली कन्दमुल खोज्ने, पशुपन्छीको सिकार गर्ने र खोलाको माछा मारेर खानु पर्ने बाध्यता थियो ।

दिनहरू बित्दै जादै थियो । यस्तैमा एकदिन जङ्गलामा सिकार खेल्ने क्रममा बुढोको भीरमा लडेर मृत्यु भयो । बुढी एक्लो बेसाहारा बनिन् । समाथि तिनी दोजिया थिईन् । छिमेक भन्नु पनि टाढा टाढा बस्ने व्यवस्था भएकोले उसलाई साथ सहयोग दिने कोही आफन्त भएनन् । जे होस् असाहाय भए पनि पेटमा बसेको लोग्नेको नासो हुर्काउनको लागि जीवनमा जस्तोसुकै हण्डर सहेर गुजारा गर्न लागिन् । छोरो जन्मियो । उसले छोरोको नाम थिवी राखे, बच्चा हुर्काउने ध्याउन्नमा लोग्नेको पीडा समेत भुलिन् । छोरो पनि हुर्कदै गयो । उनीहरूको आफ्नै संसार सुरु भयो ।

उनीहरूको दिनचर्या खानेकुरा जोहो गर्नु नै मुख्य थियो । बर्खाको बेला एकदिन खोला किनारा आमा चाहिं सीममा पलाउने साग बटुल्दै थिइन् । छोरा भने खोला किनारमा बुदुना माछ मार्दै थियो । उनीहरू आ-आफ्नै धन्दामा व्यस्त थिए । खोला माथिबाट भेल झरेको दुवैलाई होसै भएन । खोलाको भयङ्कर गर्जनसँगै किसानको छोरो पनि बग्यो । आमाले देख्दा छोरो डुब्दै तैरिदै चिच्याउदै बग्दै थियो । आमाले यताउता गुहार माग्दै बग्दै गरेको खोलाको भेलाको किनारै किनार पछ्याइन् । तर उसले बगेको छोरोलाई पानीबाट निकालेर बचाउन सकिनन् । दिनभरी पछ्याउदा पनि छोरो नभेटिए पछि कतै दैवी शक्तिले घर पो गयो कि भन्ने भ्रम भयो । रात परेपछि ऊ घरमा पुगिन् । तर त्यहाँ पनि छोरो थिएनन् । यसरी जीवनको एकमात्र छोरो खोलाले खाएपछि बिचरी विक्षिप्त बनिन् ऊ एक्लै हरेक दिन जसो खोलाको किरारमा बसेर छोरालाई थिवेउ ! थिवेउ ! भनेर बोलाइ रह्यो । उसले भोक तिर्खा भुलिन्, मात्र थिवेउ थिवेउ भनेर दिन बित्न लाग्यो ।

खोला किनार भएर हिड्ने बटुवासँग दुखेसो पोखिन् । सिकार खेल्न आउने सिकारी, माछा मार्न आउने मझिया, सागसिस्नु खोज्न आउने गृहिणी सबै सबैलाई हार गुहार गरिन् । तर उसलाई कसैले सहयोग गर्न सकेनन् । त्यसपछि उसले घरको कुल पितृ, जङ्गलको जङ्गली देउ, पानीको जल देउ सबै सबैलाई छोरो मागे । कसै गरे पनि उसको छोरो फर्केर आएन । हरेक दिन किनारमा छोरो बोलाउदा पानीको छालमा छाचल्किदै खेल्दै गरेको भ्रम उसको आँखामा नाँच्न थाल्यो । सायद यही भ्रमको सिकार भएर एकदिन बर्खे भेलमा उसलाई पनि त्यही खोलाले निल्यो । आजभोलि पनि थिवेलाई बोलाउने चरा जुनसुकै खोला किनारमा पानीसित खेलिरहेको भेटिन्छ ।

**स्रोत व्यक्ति :** चन्द्रबहादुर राई
**उमेर :** ५५ वर्ष
**ठेगाना :** नुनथला हाबु

## ३.२.९ नूनको पैँचो

कुनै एक समय दिखुवाभन्दा माथि पोकुइपा भन्ने गाउँ थियो । त्यस गाउमा सखते र बखते नाउ गरेको दुई छिमेकी खुब मिलेर बसेका थिए । मेला पातमा अर्म पर्म र घर व्यवहारमा ऐचो पैचो चला-चली गरेर सहयोग गरागर गर्थे । ती दुईमध्ये सखते अलिक छट्टु र ठगी थिए । ऊ अरुबाट आफुलाई बढी फाइदा पुग्ने गरी व्यवहार गर्थ्यो । बखते अलिक सोझो थियो । ऊ कसैले होची अर्घेली गरे पनि सहन्थ्यो । उनीहरूबीच व्यवहारमा यस्तो केही केही तलमाथि परिरहन्थ्यो तापनि त्यति महफ्व दिदैनथे ।

एकदिन बखतेको घरमा खान भनेर कुखुरा काटियो । तर मासु पकाउने बेला थाहा भयो, कि तिहुनको लागि नून सकिएको रहेछ । अब निस्तै खानुभन्दा बरु छिमेकीसँग नून पैचो खोज्ने भन्ने सल्लाह भयो । बाहिर रात परिसकेको थियो र पनि बखते नूनको खोजीमा निस्कियो । ऊ नजिकै भाइको घरमा गयो तर ऊसँग पनि नून सकिएको कुरो बुझिएपछि अलि टाढा सखतेको घरमा पुग्यो र नून पैचो चाहिएको कुरो बतायो ।

“सखते दाइ र भाउजु ! के गर्नु पर्दा छिमेकी चाहिने हो । हेर्नु न, आज घरमा नून सकिएछ । तिहुन निस्तै पारेर गाँस छिर्ने होइन । दुईचार दिनपछि ल्याइदिन्छु । आधा माना नभए एक मुठी भए पनि दिनुपर्यो ।” “आ, भाइ म त नून नभए निस्तै पनि भात खाने बानी छ, एक दुई छाक त नूनबिनै छाक टार्न सकिन्छ । कसो ?” सखतेले भन्यो । “होइन दाइ, मलाई त निस्तै मनै पर्दैन ।” आज एक छाकको लागि काम चलाइदिनु पर्यो “ यो बखते पनि दुखमा कति छाक निस्तै टार्ने मान्छे हो, आज केही विशेष खाना हुनु पर्छ भन्ने बुझेर कुरा चोर्न थाल्छ । “होइन भाइ, नूनै चाहिने त्यस्तो के तिहुन छ आज ?” सोझो बखतेले पाहुना आएको बेला निस्तै तिहुन दिदा इज्जत नै जाने कुरा राख्यो । “त्यसो भए घडीचरो नै पो काटियो क्यार” सखतेले मुख मिठ्यायो । “हजुर दाइ, त्यस्तै ...।” बखतेले धुकचुक मान्दै कह्यो । “लु भाइ, मसँग पनि नून सकिएको छ । तर पर्ख, पाखाघरे कान्छाले अस्ति पैचो लगेको थियो । म मागेर ल्याउछु, बाहिर जाडो छ, बरु मलाई तिम्रो खास्टो पो देउन ।” सखते नून खोज्न तयार भयो । बखतेले ‘भो पर्दैन, म अन्तै खोज्छु’ भने पनि सखतेले जसरी पनि सहयोग गर्ने बतायो । बरु पैचो नतिर्दा पनि हुने आस्वासन दिई सुटुक्क गोजीमा नून लुकाएर आगुल्ठो हल्लाउदै बाहिरियो ।

उता सखते बखतेको खास्टो ओढेर बखतेकै स्वर र आनीबानी गरेर घर गयो । ‘ल है बुढी नून’ भनेर नून दियो । खास्टोले अलि मुख छोपिने गरी कुराकानी गर्यो । भात तिहुन पाकेपछि भात खाई ‘म गोठमा सुत्न जान्छु’ भनेर बाहिरियो । यता नूनको पर्खेको बखते दिक्क मान्दै सखतेलाई पर्खदै रह्यो । ढिलो गरी फर्किएको सखतेले हातमा नून हाली दिएपछि गुनासो गर्दै ऊ घर फर्कियो । घर पुग्दा बखते ताजुबमा पर्यो कि अघि नै सखते आफ्नो रूप धारण गरी मासुभात हसुरेर निस्किएछ । बखतेलाई आफ्नो वेसुद्धी र

सोझोपनामा सखतेले फाइदा उठाएकोमा रिस उठे पनि कुनै एकदिन आफ्नो पालो पर्ला भनेर यो घटनालाई गुपचुप राखे ।

दिनहरू बित्दै गयो । सम्झनै पर्ने घटनाहरू मेटिदै गयो । यस्तैमा एकदिन सखतेकोमा नून सकिएर छिमेकमा कतै नपाइ बखतेको घरसम्म पुग्ने साइत पनि जुर्यो । सखते बखतेको दैलोमा पुगेर 'पाहुना आएको, नून नभएर पैचो नून माग्न आएको' भनेर कुरा राख्यो । बखतेले सखते दाइलाई नून दिदै 'यो नून त रोप्न मिल्ने चीज रहेछ, ऐले त म फलेको नूनले गर्दा कहिल्यै अड्कोपड्कोमा परेको छैन' भन्ने सल्लाह दिदै नूम रोप्ने तरिका पनि सिकाइ दिए । हो न हो सखतेले पनि बारी बनाएर नून रोप्यो । तर नून पलाएन 'तरिका के पुगेनछ' भनेर उसले बखतेलाई बोलाए । बखतेलाई यसबारे जान्न उसलाई बोलाउछ भन्ने लागेकै बेला उसले सखतेले नून रोपेको ठाउँमा नून झिकेर ठुलो फटेङ्गा गाडेको थियो । बखतेले नून गाडेको ठाउमा कोट्याए । त्यहाँ फटेङ्गा फेला परेपछि नून यसले खाएको र यसलाई मार्नुपर्ने सल्लाह भयो । उनीहरूले हातले छोपेर फटेङ्गा मार्न प्रयत्न गरे तर सकेनन् । अब यसलाई गुलेलीले मार्ने निर्णय निकाले । गुलेलीले जता हाने पनि फटेङ्गा उफ्रिहाल्थे । तैपनि उनीहरू फटेङ्गा नमारी नछोड्ने निधोमा थिए । पछि फटेङ्गा सखतेको छात्तीमा बस्यो, उसले सुइसेलाले आफ्नै छातीमा फटेङ्गा देखाएर गुलेली हान्न साउती गरे । बखतेले गुलेली तन्काए तर त्यो त सखतेको छात्तिमा छ । यसले नोक्सानी पुने भए पनि उसले आफ्नो कुखुराको मासु र भात खाएको सम्झेर मट्याङ्गा छोडे । आखिर फटेङ्गा त उडेर गयो । सखते तीनजित परेर ढल्यो । यी दुईबीच झगडा पर्यो । झगडालु दुवैको कुरा सुनेपछी गाउँलेले 'बखतेको गल्ती नभएको र सखतेले आफ्नै बुद्धीले मेटेङ्गा खाएको र जसले खायो फटेङ्गाको सुली उसैले भेट्यो मेटेङ्गाको फुली भन्दै' फैसला दियो । अब आइन्दा आफू यस्तो जाली व्यवहार कहिल्यै नगर्ने भन्दै सखतेले बखतेसंग माफी माग्यो । उनीहरू फेरि मिलेर बस्न थाले ।

**स्रोत व्यक्ति :** हर्कविर राई

**उमेर :** ५५ वर्ष

**ठेगाना :** नुनथला भन्ज्याङ

### ३.२.१० स्वनारिपा

कुनै समय रावाखोलाको बेंसीमा तलमाथि डुलेर स्थानीयलाई दुख दिने लामकाने बस्तथ्रे उनी समय समय ठाउ फेरी फेरी बस्ने हुनाले ठ्याक्कै कहाँ बस्थे, कसैलाई थाहा थिएन । उनलाई मान्छेले लामा लामा कान भएकोले लामकाने राक्षस भन्थे तर पनि राक्षस नभएर उनी जीवनमा सारै दुख पाएको मान्छे थिए । उनी सानैमा टुहुरा भएको, कोही आफन्त नभएको र देख्ने जान्ने कसैले साथ सहयोग नपाएकोले समाजमा बाँच्न नसक्ने भएपछि जङ्गल पसेका व्यक्ति हुन् । त्यतिखेर परदेश जाने पनि चलन थिएन । यदि देश-देशाटन गर्न जोगी वा भिक्षुको पछि लाग्नु पर्ने हुन्थ्यो । उनले त्यसो पनि गरे तर उनीहरूले समेतले सहयोग नगरेको कारण उनी जङ्गली भएर बसे र जङ्गल जङ्गल चाहार्दै डुल्न थाले । सिकार खेल्दै खादै गर्ने क्रममा उनले कन्दमुल र जङ्गली जनावरको सिकार गर्नुको साथै मान्छेको गोठ वा चरणमा गएको भेडा बाख्रा गाईवस्तु नै मारेर खान थाले ।

स्थानीय गाउलेको गोठबाट चौपाया दिन दहाडै हराउन थालेपछि सबैले रावाथुमको राजालाई निवेदन चढाए । राजाले आफ्ना सल्लाहकारसँग समस्याको कारणबारे सल्लाह गरे । गाउँबाट भेडा बाख्रा हराउनुको मुख्य कारण लामकाने भएको र उनबाट कसरी आफ्नो चौपाय जोगाउने विषयमा छलफल गरे । सुरुमा त लामकानेलाई भेटेर सम्झाउने प्रयत्न गर्ने निधो गरियो । तर उनले भेट्न गएको मान्छेलाई नै आक्रमण गर्ने भएकोले यसो गर्न सम्भव भएन । लामकाने र गाउलेहरूको निकै पटक झडप पनि पर्यो । उनी निकै सिपालुसित धनुषबाण चलाउने सिकारी थिए । अब उसलाई धेरै थुमको राज सिपाहीहरू ( त्यो समय राजाको सिपाही काम परेको बेला मात्र तयार हुने अस्थायी प्रकृतिको हुन्थ्यो) मिलेर मात्र पक्रन वा मार्न सकिने यकिन भयो । तसर्थ राजाले वरपरको थुमे राजाहरूलाई यस सम्बन्धि अनुरोध पठाए ।

यता खाम्तेल थुमका राजाले पनि यसबारे राजसभा राखे । यस थुमको तर्फबाट बुइपा, बेराखा, धिवा, राम्चे, होंबु, खिल्कु आदि ठाउबाट सिपालु लडाकुहरू जान तयार भए । होंबूबाट जान तयार भएका स्वनारिपा सानो ज्यानको भएकोले उनलाई सबैले हियाए । अरु थुमबाट आएका चाम्लिङ सगोत्रीहरूले त उनलाई खिज्याएर "कुतिप्पा (खुतिप्पा)" उपनाम समेत दिए । जे होस्, थुम थुमका लडाकाहरू हातहतियार सहित भोज खादै रावा दोभानमा भेला भए । त्यहाँ बृहत छलफल गरियो । लामकानेबारे जानीफकारहरूको वृश्तित सूचना सुझाए अन्त्यमा उनलाई फकाएर समात्न जोखिम हुने ठहर गरिएकोले मार्ने निर्णय गरियो । लामकाने मार्ने बहादुर सिपाही वा डप्फालाई रावाखोला दिने राजाले निर्णय सुनाए । त्यसपछि भव्य भोजको आयोजना गरियो । एकसे एक बहादुर लडाकाहरू आ-आफ्नो बल, तुजुक, र तालिमको मपाईत्व छाँटे । तर छेउमा बसेको सानो स्वनारिपालाई कसैले वास्ता नै गरेनन् । सबैले भोज खाए तर कसैले उनलाई भोजमा सहभागी गराएनन् । उनलाई यस्तो कही हिनताबोध भएन, बरु आफुले कसरी लामकाने मार्न सकिन्छ भन्ने बारे योजना

मजबुद पारे । भोजमा खाइएको मासुको हड्डी भेला गरेर जाबीमा राखे, जब कि उसँग चलाक सिकारी कुकुरहरू रहेको जानकारी अघि नै पाएका थिए । जुन डप्फा वा व्यक्तिले लामकाने मार्छ उसले लामकानेको कान काटेर ल्याउने र लामकाने मारेपछि उनको कान काटेर ल्याउने र सबैले जाँच्नको लागि बाँसको पिपिरी बजाउदै आउने उर्दी जारी भयो । सबै डप्फा डप्फा भएर लामकानेको खोजीमा निस्किए र उनी पनि उनीहरूको पछि लागे ।

अरु सबैले बलको घमण्डका कारण जानीफकारको कुरा राम्ररी ध्यान दिएका थिएनन् । तर उनले पल्लो छेउमा बसेर राम्ररी सुनेका थिए "लामकाने दिउसो निकैबेर सुत्छन् र बेलुकीखेर सिकारमा निस्कन्छन् । उनी निकै अप्ठ्यारो भीरमा वा एकान्त ओढारमा बस्छन् । उनका सिकारी कुकुरहरू उनका अत्यन्त आज्ञाकारी छन् । उनी अरुभन्दा अलग्गै गाउँतिर पसे । स्थानीयसँग लामकानेको विगत जान्ने मान्छेहरूलाई भेटे, उनका प्राय बस्ने ठाउँहरू बारे जानकारी लिए । सबै बुझी सकेपछी उपयुक्त समयमा लामकाने बस्ने भीरको ओढारमा पसे । नभन्दै उनी पुगेको बेला लामकाने मस्त निन्द्रामा थिएछ । उनी ओढार नजिकै पुग्नै लाग्दा कुकुरहरू जर्याकजुरुक उठ्नु बितिक्कै हड्डी मिल्काइदिए । कुकुरहरू हड्डीमा मस्त भएपछी मस्त निन्द्राको लामकानेमाथि बाण हाने । उनको बाणको प्रहारबाट लामकाने मारिए । उनले लामकानेको काना काटेर जाबीमा हाले र पिपिरी बजाउदै भेला हुन तोकिएको ठाउँमा आए । अरु पनि सबै भेला भए । उनले काटी ल्याएको कान लामकानेकै भएको राजाले ठहर गरे र उनलाई रावाखोला उनको नाउँमा कागज गरिदिए ।

पछि स्वनारिपा आफ्ना दाजुभाइसहित रावाखोलाको बेंसी कजाउन जाँदा उनले जग्गा पाएनन् । राजाका जाली पण्डित सल्लाहाकारहरूले उनलाई जग्गा होइन खोला पाएको भनी रावा खोलाको माछा दिएर पठाए । "सिसार" भनेर हौचुरका र वरपरका स्थानीयहरूले स्वनारिपा र उनीपछि उनका सन्तानलाई पेरोङ्गोमा माछा बुझाउन थाले । पछि "राई" मुखियाले पाउने 'सिसार' तथा 'मेक्चन' जस्ता चलन त्यतिकै हराएर गयो ।

**स्रोत व्यक्ति :** मकरचन्द्र राई

**उमेर :** ५६ वर्ष

**ठेगाना :** नुनथला स्कुल डाँडा

# चौथो परिच्छेद

# सङ्कलित लोककथाको वर्गीकरण र विश्लेषण

## ४.१ विषयप्रवेश

प्रस्तुत अध्ययनपत्रमा खोटाङको नुनथला क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन गरिएको छ । यसमा मूलतः पौराणिक, सामजिक र पशुपंक्षीसम्बन्धी लोककथाहरू छन् । सङ्कलित लोककथालाई निम्नानुसार वर्गीकरण र विश्लेषण गरिएको छ ।

## ४.२ सङ्कलित लोककथाको वर्गीकरण

### ४.२.१ सामाजिक लोककथा

१. कञ्जुस बुढी र चलाख बटुवा
२. चाम्लिङ्गे चुक्ली
३. थिविया चरा बुढाबुढीको कथा
४. नुनको पैचो
५. बुढाबुढीको कथा
६. लठेप्रो छोरो थिविया चरा
७. स्वनारिपा

### ४.२.२ पशुपंक्षीसम्बन्धी लोककथा

१. कमिला र चरा
२. सियो र बन्दुक

### ४.२.३ पौराणिक लोककथा

१. राजकुमारी र मुसा

## ४.३ सङ्कलित लोककथाको विश्लेषण

प्रस्तुत अभ्ययनपत्रमा सङ्कलन गरिएको लोकथालाई विषयवस्तुका आधारमा वर्गीकरण गरी : कथानक, पात्र, परिवेश, उद्देश्य र भाषाशैलीको लोककथाको तत्त्वगत आधारमा विश्लेषण गरिएको छ ।

### ४.२.१ सामाजिक लोककथा

### १. कञ्जुस बुढी र चलाख बटुवा

#### (१) कथानक

यस कथा सामाजिक लोकथाअर्न्गात पर्छ । यस कथामा एउटी कञ्जुस बुढीले एउटा बटुवालाई बास दिन नमाने पछि बटुवाले देखाएको चलाखीपनलाई यस कथामा प्रस्तुत

गरिएको छ। एउटी बुढीआमाको घरमा रात परेपछि एउटा बटुवाले बास माग्न आइपुग्छ। बुढी आमाले बास दिन नमाने पछि बटुवाले बास मात्र दिनु म ढङ्गा पकाएर खान्छु भने पछि बुढी आमाले बास दिन्छ। चलाख बटुवाले भाडामा ढुङ्गा हालेर पानी उमाले पछि खिचडीको लागि सबै सामान पालै पालो माग्न थाल्छ त्यही मौकामा बटुवाले झुक्याए खिचडी पकाएर खुवाउछ र बुढीआमा ढुङ्गा निकालेर फाल्छ र त्यो खिचडी बन्छ। अन्त्यमा बुटुवाले झुक्याए खिचडी पकाएर खुवाउछ र बुढीआमा ढुङ्गा पनि यति मिठो हुँदो रहेछ भनेर छक्क पर्छिन् र कथाको अन्त्य हुन्छ।

### (२) सहभागी

प्रस्तुत कथामा पात्रको रूपमा बुढीआमा र बटुवालाई प्रस्तुत गरिएको छ। लोभी पात्रमा बुढीआमा छिन् भने चलाख छट्टु पात्रमा बटुवा छ। बुढीआमाले अफ्ट्यारो परेको बटुवालाई सहयोग गर्नु पर्ने ठाउँमा बास नै नदिउ पछि बुटुवाले आफ्नो चलाखीपन देखाउनु परेको छ।

### (३) परिवेश

प्रस्तुत कथा कुनै एउटा गाउँबाट सुरु भएको कारण एउटा गाउँको परिवेशलाई यस कथाले समेटेको छ। बुढीआमाले बास दिन नमाने पछि बटुवा अरु ठाउँ जानलाई समय नभएको भन्ने प्रसङ्गले कुनै एउटा विकट गाउँघरहरू टाढा टाढा भएको गाउँ भन्ने बुझिन्छ।

### (४) उद्देश्य

प्रस्तुत कथाको मुख्य उदेश्य समाजमा अफठ्यारो परी आफ्नो घरमा आएको मान्छेलाई सहयोग गनुपर्छ भन्ने हो तर आफूलाई अफठ्यारो परेको बेला अलिकति चलाखीपन देखाएर भए पनि आफुलाई सहज बनाउनु वा भोक लागेको बेला खानाको व्यवस्था मिलाउनु पनि नराम्रो चाहिँ होइन भन्ने शिक्षा पनि हो।

### (५) भाषाशैली

प्रस्तुत कथामा प्रयोग भएको भाषा दैनिक जीवनमा बोलिने भाषा नै भएकोले सरल, सहज र बोधगम्य रहेको छ। नेपाली ग्रामिण समाजमा बोलीने कन्जुस, एकमुठि, छट्टु, मख्ख, जस्ता शब्दहरूको प्रयोग गरिएको छ। शैलीका दृष्टिले वर्णनात्मक शैली नै मूख्य शैली रहेको देखिन्छ।

## २. चाम्लिङ्गे चुक्ली

### (१) कथानक

प्रस्तुत कथा सत्य घटनामा आधारित एउटा किंवदन्ती मानिन्छ। यस कथामा भनिएका चाम्लिङ्को पुर्खा र सापाङ्को कथा नभएर वास्तविक दाजुभाइ थिए भन्ने भनाइ छ।

दुवैको पुर्खा मुन्धुमी थिए । यस्तैमा एकदिन कमाइ खाने उर्बर जग्गाको खोजीमा मेवाखोलाबाट उकालो लाग्दछन् र मुन्धुमी ज्ञानको जोखाना हान्दा दिक्तेलको मझुवा उपयुक्त ठान्छन् । मझुवाको शाषक शाषक बन्नको लागि बाजी गर्ने सल्लाह हुन्छ बाजीमा तान्त्रिक शक्तिले जस्को पुर्खाले धर्ती बोल्न लगाउन र आकाशबाट वर्षात पार्न सक्छ उनै शाषक भन्ने हुन्छ । यसमा चाम्लिङ्को पुर्खा अलि कमजोर भए पनि नक्कली तान्त्रिक शक्ति प्रयोग गरेर बाजी जित्छ र साम्पाङ्को पुर्खाले आफ्नो हार स्वीकार गरी त्यहाँबाट टाढा जाने निधो गर्छ । यसरी नक्कली तन्त्र प्रयोग गर्नेको नजिक बस्न खतरा हुन्छ भनि बासपानीको ख्वकोलुङ् ढुङ्गा छेउमा आफ्नो किल्ला खडा गरी बस्छन् ।

**(२) सहभागी**

यस कथाका पात्रहरूमा चाम्लिङ्गको पुर्खा र सापाङ्को पुर्खा नै प्रमुख पात्र हुन्छन् । यसमा चामिङ्को पुर्खाले आफ्नो नक्कली तान्त्रिक शक्ति प्रयोग गरेको हुँदा असत् पात्रको रूपमा देखाइएको पाइन्छ भने साम्पाङ्को पुर्खा सत् पात्रको भूमिकामा प्रस्तुत गरिएको छ । स्थानीय बासिन्दाहरू पनि सत्यकै पछाडि लागेर साम्पाङ्को पुर्खालाई नै साथ दिएको यस कथामा पाइन्छ ।

**(३) परिवेश**

यस कथाको परिवेश हेर्दा खोटाङको विभिन्न ठाउँलाई देखाइएको छ । साप्सु खोलाको वरपरबाट सुरु भइ नेर्पाको बेसी जग्गामा पनि पुगेका छन् । त्यसरी नै दिक्तेलको मझुवा डाँडालाई विशेष परिवेशको रूपमा प्रस्तुत गरेको छ । साम्पाङका पुर्खाहरूले अन्त्यमा आफ्नो स्थायी बसोबासको लागि बासपानीमा किल्ला खडा गरेका छन् ।

**(४) उद्देश्य**

यस कथाको मुख्य उद्देश्य सत्यको हार क्षणिक भए पनि अन्त्यमा सत्यको नै फल मिठो हुन्छ भन्ने हो । मानिसले जानेर वा नजानेर अरुलाई झुक्याउने दुःख हुने किसिमको कामहरू गरिरहेका हुन्छन् । त्यसको फल प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पाइने नै रहेका हुन्छन् । आजभोलि मान्छेहरूमा झुट बोल्ने, जालझेल गर्ने प्रवृति बढेको पाइन्छ । संसारमा जालझेलबाट क्षणिक खुसी हुनु भन्दा सत्यको बाटो हिडेर गन्तव्यसम्म पुग्नु राम्रो हो भन्ने नैतिक शिक्षा दिनु समेत यो कथाको मुख्य उद्देश्य हो ।

**(५) भाषाशैली**

प्रस्तुत कथामा गाउँघरमा प्रयोग गरिने दैनिक जीवनमा बोलिने भाषा नै भएकोले सरल, सहज र बोध गम्य नै रहेको छ । शैलीका दृष्टिले वर्णनात्मक शैली नै मुख्य शैली रहेको पाइन्छ ।

## ३. थिविया चरा

### (१) कथानक

प्रस्तुत कथा सामाजिक लोककथा हो । यो कथा दुखान्तमा टुङ्गिएको छ । यस कथामा एउटा गरिब किसानको परिवारले गरेको दुःख र भोग्न परेको शोकलाई कथानक बनाइएको छ । किसानको एकदिन जङ्गलमा सिकार खेल्ने क्रममा लडेर मृत्यु हुन्छ । यता श्रीमती दोजिया थिइन दुःख सँगसँगै छोरो जन्माइन् । त्यही छोरो पनि खोलामा सानो बुदुना माछा समात्ने क्रममा माथिबाट भेल झरेर बगाएर लग्यो । आमा आफ्नो श्रीमान् र छोराको शोकमा विक्षिप्त बनिन् । सबैसँग हार गुहार मागिन् तर छोरो कतै भेटिएन । दैवी शक्तिले घर पो आउला कि भन्ने भ्रम भयो । त्यो पनि आएन । सधै खोला किनारमा गएर थिवेउ थिवेउ भनेर बोलाउँदै बसिन् उनलाई पनि त्यही खोलाले निभ्यो ।

### (२) सहभागी

यस कथामा प्रमुख पात्र श्रीमान्, श्रीमती र छोरालाई लिइएको छ । श्रीमान्को भुमिका छोटो रहे पनि परिवारप्रति आफ्नो अभिभावकत्व निर्वाह गर्ने क्रममा ज्यान गएको छ । श्रमान् र छोरा गुमाएकी एउटी नारीको बेदनालाई यस कथामा चित्रण गरिएको छ ।

### (३) परिवेश

प्रस्तुत कथामा कुनै एउटा गाउँलाई परिवेशको रूपमा प्रस्तुत गरिएको छ । गरिखाने खेतबारी प्रशस्त नभएको कारण जङ्गली कन्दमुल खोज्ने र पशुपन्छीको सिकार गर्ने भन्ने प्रसङ्गमा जङ्गल पनि परिवेशको रूपमा आएको छ र पछि त्यही खोलाले आमालाई पनि लगेको प्रसङ्गले खोला अझ विशेष परिवेशको रूपमा प्रस्तुत गरिएको छ । बाली नाली उत्पादन नहुने उजाड पाखा पनि परिवेशको रूपमा आएको छ ।

### (४) उद्देश्य

यस कथामा एउटा गरिबीको कारण सपरिवार ध्वस्त भएको छ । सामान्य खान लाउन पुग्ने भएको भए बाबुले भिरबाट लडेर ज्यान गुमाउनु पर्दैन थियो । एउटी आमाले भोको पेट भर्नकै लागि खोला किनारमा छोरलाई माछा मार्न दिनु पर्दैन थियो । यस कथाको मुख्य उद्देश्य पनि गरिबीको कारण मानिसले कतिसम्म दुःख पीडा र शोकको सामना गर्नु पर्ने रहेछ भन्ने नै हो । गरिबीकै कारण मान्छेको ज्यान समेत जान सक्ने रहेछ भन्ने शिक्षा समेत दिएको पाइन्छ ।

### (५) भाषाशैली

यस कथामा पनि अन्य कथामा जस्तै सरल, सहज र मिठासपूर्ण भाषामो प्रयोग भएको छ । यसमा प्रवाहपूर्ण गाउँले जीवनमा प्रयोग भएकै भाषाको प्रयोग पाइन्छ । शैलीको दृष्टिले वर्णनात्मक शैली प्रयोग भएको छ । पात्र बिचमा संवादको प्रयोग भएको देखिदैन ।

## ४. नुनको पैचो

### (१) कथानक

यो कथा सामाजिक लोककथा अर्न्तगत पर्दछ । यस कथमा गाउँघर तिर छरछिमेकमा चलाइने ऐचो पैचोलाई आधार बनाएर कथा प्रस्तुत गरिएको छ । यस कथामा सखते र बखते छिमेकी हुन्छन् । सखते अलि छट्टु र ठगी छ भने बखते अलि सोभ्रो छ । एकदिन बखतेको घरमा नुन सकिएको हुन्छ र नुन पैचो खोज्दै बखते सखतेको घरमा पुग्छ । सखतेले बखतेको घरमा कुखुरा काटेर मासु पकाएको थाहा पाए पछि सखते बखतेको घरमा रूप धारण गरेर नुन बोकी बखतेको घर जान्छ । बखते कै आवाज र आनिबानी बनाएर मासु भात खाएर फर्किन्छ । भरै बखते घर पुग्दा अघि नै सखतेले आफ्नो रूप धारण गरी मासुभात खाएर फर्केको हुन्छ । अर्को दिन फेरी सखतेको घरमा नुन सकिन्छ र नुन पैचो माग्न बखतेकोमा पुग्छ । बखतेले पनि पहिलेको रिस फेर्न नुन रोप्न सिकाउछ र पछि नुन झिकेर फट्याङ्ग्रा राखि दिन्छ । त्यही फट्याङ्ग्रा मार्ने क्रममा बखतेले सखतेको छातीमा गुलेलीले हान्छ र झगडा पर्छ । गाउँले बसेर झगडा मिलाई दिन्छन् र फेरी सखते र बखते मिलेर बस्न थाल्छन् ।

### (२) सहभागी

यस कथामा मुख्य पात्रको रूपमा सखते र बखते छन् । बखते सत्पात्रको भुमिकाका रहेको छ । सखते असत् पात्रको भुमिकामा रहेको छ । अन्य पात्रहरूमा पाखाघरे, भाइ र छिमेकीहरू गौण पात्र हुन् । सखते छट्टु र ठग छ भने बखते गरिब भएपनि इमानदार र सोभ्रो छ । घर छिमेकमा मिलेर बस्नुलाई इमानदारी र सहयोगी हुनुपर्छ । ऐचोपैचोले एकअर्कालाई साथ दिनु पर्छ भन्ने भूमिका बखते पात्रले निभाएको छ ।

### (३) परिवेश

यस कथामा खोटाङको दिखुवा भन्दा माथि पोकुइपा भन्ने गाउँलाई परिवेशको रूपमा प्रस्तुत गरिएको छ । गाउँघरको रहन सहन, अर्मपर्म र ऐचो पैचो गर्दै गाउँले जीवन चलिरहेको बुझिन्छ ।

### (४) उद्देश्य

यस कथाको मुख्य उद्देश्य भनेको छर छिमेकमा एकअर्कालाई दुःख पर्दा अभाव हुँदा इमानदारितापूर्वक सहयोग गर्नुपर्छ भन्ने नै हो । अरुलाई ढाँट छल गरेर क्षणिक खुसी भएपनि त्यसको असर अन्त्यमा आफूले पनि भोग्नुपर्छ भन्ने शिक्षा दिनु पनि हो ।

### (५) भाषाशैली

प्रस्तुत कथामा प्रयोग भएको भाषा हाम्रो गाउँ घरमा दैनिक जीवनमा प्रयोग भइरहने भाषा भएकोले सरल र स्पष्ट खालको रहेको छ । यस लोककथामा नेपाली ठेट शब्दहरू जस्तै : हाची, अर्गेली, निस्तै, गाँसछिर्ने, टार्न, अट्कोपट्को, गुपचुप, हसुरेर, बेसुद्धि,

मट्यङ्रा शब्दको प्रयोग गरिएको छ । यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिए तापनि यसमा दोहोरो संवादको पनि प्रयोग गरिएको छ ।

## ५. बुढाबुढी

### (१) कथानक

प्रस्तुत कथा दुई बुढाबुढीको कथा हो । यस कथामा आफ्नो उल्टो बुद्धिले गर्दा अझ धेरै दुःख पाइन्छ भन्ने देखाएको छ । यसमा दुई बुढाबुढीलाई विहेको निम्तो आउछ । विहे खान जङ्जलको बाटो हुँदै जाँदा पानी परेर खोलाले बाटो रोक्छ । खोला तर्न अनेक कोशिस गर्दा नसके पछि बुढाले एउटा अगुल्टो ल्याउने र त्यो अगुल्टो खोलामा लगाउने निभ्यो भने तर्न सकिन्छ । निभेन भने सकिदैन भन्ने जुक्ति निकाल्यो नभन्दै खोलामा अगुल्टो हाल्दा निभ्यो बुढाबुढी खोला तर्नका लागि पस्यो खोलामा ठुलो भेल आएको कारण पारि जान सकेन र दुवै विहे खान नगइ घर तिर फर्केर आएको छ ।

### (२) सहभागी

यस कथाको पात्रहरूमा बुढा र बुढीलाई मात्र प्रस्तुत गरेको पाइन्छ । यसमा बुढाको उल्टो जुक्तिमा पनि विश्वास गर्ने सोझो नारी पात्रको रूपमा देखाइएको छ ।

### (३) परिवेश

यस कथामा दुई बुढाबुढी एउटा किरात गाउँमा बस्थे भन्ने सन्दर्भमा एउटा गाउँको परिवेश देखाइएको छ । भने बुढाबुढी विहे खान जादा जङ्गल र खोलाको भेलले बाटो रोकेको प्रसङ्गले जङ्गल र खोला पनि यस कथा परिवेशको रूपमा आएको पाइन्छ ।

### (४) उद्देश्य

प्राकृतिक विपत्ति आउदा धैर्य र संयम हुनु सक्नुपर्छ । उल्टो जुक्ति लगाएर विपत्तिलाई जित्न खोज्दा जीवनमा अझ बढी दुःख र विपत्ति आइपर्छ भन्ने सन्देश दिनु यस कथाको उद्देश्य रहेको छ ।

### (५) भाषशैली

यस कथामा गाउँघरमा बोलीने आगुल्टो, झोस्दा, छअरे, मरेछ, चै, लु, अबचाहिँ, जस्ता शब्दको प्रयोग गरिएको छ । गाउँमा प्रयोग गरिने ठेट नेपाली शब्दको प्रयोग भए तापनि सबैले बुझ्न सक्ने सरल सहज र मिठासपूर्ण तरिकाले प्रयोग भएको छ ।

## ६. लठेप्रो छोरो

### (१) कथानक

लठेप्रो छोरो कथा नेपाली लोककथाको परिचय दिने एक उत्कृष्ट कथा हो । यो कथा सामाजिक लोककथा अर्न्तगत पर्दछ । यस कथामा लठेप्रो छोरोलाई आमाले जे अह्रायो त्यही

मात्र गर्ने गरेको छ । नेपाली संसार अनुसार छोरो ठुलो भए पछि विवाह गरिदिएका छन् । विवाह पछि घरको इज्जतको लागि आमाले छोरोलाई ससुरालमा भएर केही नभन्नु जे भने पनि हुन्छ, हस, ठिकै भएछ भन्न लगाएको कारण ससुराले आफ्नो खेलबारी बाढीले बगायो भैसी लडेर मर्‍यो जस्तो दुखेसो सुनाउदा पनि जुवाइले हो राम्रै भएछ ठिकै भएछ भनेका छन् । त्यसपछि ससुरालीको कुरा घरमा सुनाउदा आमा छक्कपरिन् र कथाको अन्त्य भएको छ ।

**(२) सहभागी**

यस कथामा लठेप्रो छोरो नै मूख्य पात्रको रूपमा रहेको छ । अन्य पात्रहरूमा बुवाआमा, ससुरा र श्रीमती देखाइए पनि बुवा र श्रीमतीलाई गौण पात्रको रूपमा प्रस्तुत गरिएको छ । लठेप्रो छोरो, आमा र ससुराको भुमिकालाई सक्रिय बनाएको यस कथामा आमाले आफ्नो इज्जतका लागि बाठो बनाउन खोज्दा झन नराम्रो छोराको बेइज्यत भएको छ ।

**(३) परिवेश**

यस कथाको सम्पूर्ण प्रकृति हेर्दा ग्रामीण परिवेशको झलक पाइन्छ । ससुरालीमा ससुराले खेतबारी खोलाले बगायो । भनेको सन्दर्भमा ग्रामीण भेगमा खेतीपाती गर्ने र भैसी लडेर भर्‍यो भन्ने सन्दर्भले पशुपालन गर्ने समाजको सङ्केत पाइन्छ । विहे पछि ससुराली जाने र इज्जत राख्ने कुराले नेपाली समाजको पुरानो संस्कृति यहाँ देखा पर्दछ ।

**(४) उद्देश्य**

यस कथाको मूख्य उद्देश्य लोकवासीलाई मनोरञ्जन दिनु नै हो । यस कथाले आफ्नो सन्तान सोझो लठेप्रो भएपनि आफ्नो खुसीले वा आफ्नो विचारमा पनि हिड्न वा काम गर्न दिनु पर्छ र सधै आफूले डोर्‍यार बोल्न सिकाएर मात्र हुँदैन कुनै ठाउँमा सही अर्थको पनि अनर्थ लाग्न जान्छ भन्ने सन्देश यस कथाले दिन खोजेको छ ।

**(५) भाषाशैली**

यस कथाम प्रयुक्त भाष बोधगम्य छ । सरल र सहज भाषाशैलीको प्रयोगले श्रोतामा आनन्दाभूति प्रदान गरेको छ । यो कथा वर्णनात्मक शैलीमा लेखिएको छ ।

**७. स्वनारिपा**

**(१) कथानक**

प्रस्तुत स्वनारिपा कथा सामजिक लोककथा हो । यस कथामा सानैमा टुहुरा भएर कसैको माया साथ र सहयोग नपाएर समाजमा बाच्न नसक्ने भएपछि जङ्गल पसेको एउटा लामकाने नामको मन्छेलाई राक्षसको उपनाम दिएर एउटा कथावस्तु बनाएको छ । लामकानेले आफूले केही खान नपाएपछि जङ्गलमा कन्दमूल र जनावरको सिकार गरेर

खान थाल्छ । यसै गर्दै गाउँघरमा गोठमा पालेको चौपायहरू पनि खान थाल्छ । यसै क्रममा रावाथुमको राजाले लामकानेलाई समातेर सम्झाउन आफ्ना सिपाहीलाई उर्दि जारी गर्छ । सम्झाउन असम्भव भए पछि मार्ने सल्लाह हुन्छ । मार्नको लागि अन्य ठाउँबाट पनि सिपाहीहरूलाई बोलाउँछ । यसैक्रममा होबुको सिपाहीहरू मध्ये स्वनारिपा अत्यन्तै सानो हुन्छ । स्वनारिपालाई सबैले सानो भनेर वेवास्ता गर्छ । लामकानेलाई मार्नको लागि छलफल सँगै भोज पनि हुन्छ । अरु सिपाइ बलको घमण्डले छलफलमा भएको कुरामा त्यति चासो देखाउदैन । स्वनारिपा भोज नखाइ अरुले खाएको मासुको हड्डीहरू भेला गरेर राख्छ । लामकानेले कुकुर पनि आफूसँग राखेको हुन्छ । त्यो कुरा स्वनारिपालाई मात्र थाहा हुन्छ । मार्नेले पात बजाएर अरुलाई पनि जानकारी दिने सल्लाह हुन्छ सबै लामकानेको खोजीमा निस्कन्छन् । स्वनारिपा लामकाने बस्ने ठाउँ पत्ता लगाएर जान्छ । लामकाने मस्त सुतेको बेला कुकुरहरूलाई हड्डी दिएर आफूले वाण हानेर लामकानेलाई मार्छ र पिपिरी पात बजाएर सबैलाई जानकारी दिइ लामकानेको कान काटेर लिएर आउछ र कथाको अन्त्य हुन्छ ।

**(२) सहभागी**

प्रस्तुत कथामा प्रमुख पात्रका रूप लामकाने र स्वनारिपा रहेको छ । त्यस्तै गरेर अरु पात्रको रूपमा राजा र सिपाहीहरू पनि रहेको छ । मानवेतर पात्रहरूमा गाइ, बाखा, कुकुर जस्ता पात्रहरूलाई समावेश गरिएको छ । लामकाने असत पात्र हुन् भने बलको घमण्ड गर्ने अन्य सिपाहीहरू भन्दा बुद्धिले काम गर्ने स्वनारिपा सत् पात्रको रूपमा प्रस्तुत गरिएको छ ।

**(३) परिवेश**

यस कथामा रावा खोलाको बेसी तिरको परिवेशलाई मूख्य रूपमा लिइएको छ । लामकाने लुक्ने जङ्गल रावाखोला र नुनभथलाको बिचको देखाइएको छ । रावाथुमको राजाको उर्दिअनुसार सिपाहीहरू बोलाउने क्रममा बुइपा, बेराखा, धिवा, राम्चे, होँबु र खिल्कु आदि ठाउँहरू पनि परिवेशको रूपमा प्रस्तुत गरिएको छ ।

**(४) उद्देश्य**

प्रस्तुत कथाको मुख्य उद्देश्य बच्चाले माया ममता साथ सहयोग र उचित लालनपालन नपाउँदा मान्छे नभइ राक्षस बन्दो रहेछ भन्ने नै हो । लामकाने पात्रलाई समाजले पनि साथ नदिए पछि जङ्गल पस्नु परेको छ । मान्छेलाई रूप र शारीरिक बनावटको आधारले मूल्याङ्न गर्नु हुर्दैन उसको बुद्धि र विवेकलाई बुझ्नु पर्छ नत्र हेपेको खोलाले बगाउँछ भन्ने सन्देश स्वनारिपा पात्रले यस कथामे दिएको छ ।

**(५) भाषाशैली**

यस कथामा दैनिक जीवनमा प्रयोग गरिने सामान्य बोलिएको भाषा प्रयोग गरिएको छ । सामान्य हाम्रो गाउँघरमा प्रयोग गरिने भाषा नै यस कथामा पनि प्रयोग भएको छ ।

त्यसैले यस कथाको भाषाशैली सहज, सरल र बोधगम्य रहेको छ । यो लोकथा वर्णनात्मक शैलीमा रचित कथा हो ।

### ४.२.२ पशुपंक्षीसम्बन्धी लोककथा

### १. कमिला र चरा

**(१) कथानक**

यस कथामा साथीले साथीलाई दुःख र सङ्कटको बेला सहयोग गर्नुपर्छ भन्ने भाव उत्पन्न भएको पाइन्छ । कथा अनुसार एउटा खोला किनारको छेउमा रुख थियो । त्यस रुखमा कमिला र चरो बसोबास गर्दथे । एकदिन कमिला र चरो रुखमा गफ गरेर बसिरहेको बेला कमिला चिप्लेर खोलामा खस्यो । कमिला बचाउ बचाउ भन्दै खोलामा बग्न थाल्यो । यसै क्रममा चरोले रुखको पात चुच्चाले टिप्दै खोलामा खसायो र कमिला त्यस पातको सहायताले किनारमा निस्कन्छ । अर्कोको दिन चरालाई सिकारीले गुलेली ताकेको कमिलाले देख्दा र कमिलाले सिकारीको खुट्टामा टोकी दिन्छ र चरा भुर्र उडेर भाग्छ । यसरी आफ्नो साथीलाई दुवैले मृत्युको मुखबाट बचाउँछ र सुखान्त रूपमा कथाको अन्त्य हुन्छ ।

**(२) सहभागी**

यस कथाका पात्रहरू कमिला, चरा र सिकारी रहेका छन् । कमिला र चरा अत्यन्तै मिल्ने साथी भएर एकअर्कालाई मृत्युको मुखबाट बचाएका कारण यी दुई सत्पात्र हुन् भने चरालाई मार्न गुलेली तारेर पशुपङ्क्षी विनास गर्न खोज्ने सिकारी असत् पात्रको रूपमा प्रस्तुत भएको छ ।

**(३) परिवेश**

यस कथामा परिवेशको रूपमा चरा र कमिला खोला किनारको रुखमा बसोबास गर्थे भन्ने प्रसङ्गबाट खोला किनार परिवेशको रूपमा आएको बुझिन्छ ।

**(४) उद्देश्य**

दुःख आपत विपत र सङ्कट परेको बेलामा एकले अर्कालाई सहयोग गरेर अरुको जीवन रक्षा गर्नुपर्छ भन्ने सन्देश प्रवाह गर्नु यस कथाको उद्देश्य रहेको छ ।

**(५) भाषाशैली**

यस कथाको भाषाशैली सरल, सहज र मिठासपूर्ण छ । यसमा कठिन शब्दको प्रयोग भएको छैन । यसमा सामान्य जीवन शैलीमा प्रयोग हुने भाषको प्रयोग भएको देखिन्छ ।

### २. सियो र बन्दुक

**(१) कथानक**

यो कथा सामाजिक लोककथा हो । यस कथामा समूह मिलेर काम गर्दा अफ्ट्यारो वा गाह्रो काम पनि सहजपूर्वक गर्न सकिन्छ भन्ने देखाइएको छ । यसमा बन्दुक र सियो

सिंहको शिकार गर्ने निधो गरेर जङ्गल तिर निस्कन्छन् । बाटोमा भेटिएका सबै साथीहरू गाबर, सिस्नु, भटमास, अरिङ्गल लिएर हिड्छन् । जङ्गलभित्र सिंहको गुफा भेट्छन् । सिंह बाहिर सिकार खोज्न निस्किएको हुन्छ त्यसै बेला सिंह सुत्ने कोठामा सबै आआफ्नो ठाउँ मिलाएर बस्छन् र सिंह बाहिर बाट आए पछि सबै मिलेर सिंहको शिकार गर्छन् । सबै खुसी हुँदै घर फर्केपछि कथाको अन्त्य हुन्छ ।

**(२) सहभागी**

प्रस्तुत कथाको पात्रहरू सबै मानवेत रहेका छन् । जसमा बन्दुक, सियो, गोबर, सिस्नु, भटमास र अरिङ्गल रहेका छन् । यस कथामा सबै मिलेर काम गर्‍यो भने अवश्य सफल हुँदो रहेछ भन्ने शिक्षा यी पात्रहरूले दिन्छन् ।

**(३) परिवेश**

यस कथामा परिवेशको रूपमा ग्रामिण बन जङ्गल देखाइएको छ । चौउरमा गोबर भेटिएको प्रसङ्गले पशुपालन गर्ने र बारीको डिलमा भटमास भेटिएको प्रसङ्गले खेतीपाती गर्ने समाजको सङ्केत देखिन्छ । पहाडी क्षेत्रको खोला खोल्सीहरू पनि यस कथामा परिवेशको रूपमा देखाइएको छ ।

**(४) उद्देश्य**

यस कथाको मूख्य उद्देश्य सबै मिलेर काम गर्दा सहजतापूर्वक कार्य सम्पन्न गर्न सकिन्छ भन्ने नै हो । यस लोककथाको मूख्य उद्देश्य भनेको सामुहिकतामा काम गरियो भने जस्तो सुकै शक्तिशालीलाई पनि तहलगाउन सकिन्छ भन्नु नै हो ।

**(५) भाषाशैली**

प्रस्तुत कथामा प्रयोग गरिएको भाषाशैली सरल, सहज र मिठासपूर्ण रहेको छ । दैलो, सङ्घार, अगेना, मस्त, लर्खरिदै, चस्स, ऐया, पङ्ग, छामछाम, छुमछुम, भ्याम्म, च्वाटै, फ्यात्तै, ड्याम्मै जस्ता नेपाली ठेट भाषाको प्रयोग गरिएको छ । यसमा पात्र बिच संबाद देखाइएको हुनाले कथा अझ आकर्षक बनेको देखिन्छ ।

### ४.२.३ पौराणिक लोककथा

### १. राजकुमारी र मुसा

**(१) कथानक**

यो कथा दुखान्तमा गएर सकिएको छ । राजकुमारी नुहाएर झ्यालमा बसेर कपाल सुकाइ रहेकोबाट यो कथा सुरु भएको छ । राजकुमारी राम्री भएको कारण आफूलाई मन परेको भनेर रूपीले विवाहको प्रस्ताव गर्दा राजकुमारीले आफूले भने जस्तो खाने बस्ने ठाउँ नभएको कारण विवाह अस्वीकार गरिन् । त्यसरी नै भँगेराले पनि आएर राजकुमारीलाई विवाहको प्रस्ताव गर्दा राजकुमारीलाई किरा फट्ङग्रा खुवाउँछु भने पछि भगेरासँग पनि

विवाह नगर्ने मन्जुर गरिन् । अर्को दिन मुसा आएर विवाहको प्रस्ताव राख्छ र मुसाले आफूले संसार हेर्न सक्ने सुरुङ खनेको र राजपरिवारकै जस्तो मिठो मिठो खानेकुरा खुवाउन सक्ने कुरा बताए पछि राजकुमारी विवाह गर्न राजी हुन्छिन् । राजकुमारी र मुसाको विवाह हुन्छ सुरुङबाट संसार घुम्छन् र मिठामिठा खानेकुरा पनि खान्छन् । र अन्त्यमा राजकुमारीले बच्चा जन्माउछिन् । त्यही बच्चा र आमालाई लगाउने तेल खोज्न जाँदा तेलकै भाडामा डुबेर मुसाको मृत्यु हुन्छ र कथाको दुखान्त अन्त्य हुन्छ ।

**(२) सहभागी**

प्रस्तुत कथामा मानवीय र मानवेतर पशुपंक्षीको समेत सहभागिता रहेको छ । यस कथाका पात्रहरूमा राजकुमारी, रूपी, भगेरा र मुसा रहेका छन् । सुरुदेखि अत्यसम्म राजकुमारीको धेरै भुमिका रहेकोले राजकुमारी यस कथाको प्रमुख पात्रको रूपमा प्रस्तुत गरिएको छ । आफूलाई सबै कुरा ठिक नलागेसम्म विवाहको लागि मन्जुर नहुने राजकुमारीको व्यवहारले राजकुमारीलाई एउटा सक्षम नारी पात्रको रूपमा देखाइएको छ ।

**(३) परिवेश**

यस कथाले कुनै स्थान तोकेको छैन तर पनि कथामा उल्लेख भए अनुसार यो कथा मानव सभ्यताको प्रारभ्कि अवस्थाको देखिन्छ । यस कथामा प्रस्तुत गरिएको रूपी भगेरा तथा मुसाले राजकुमारीसँग संवाद गरेको कुराले यो पुरानो किम्वदन्ती हो भन्ने बुझिन्छ । राजकुमारीले बच्चा जन्मिए पछि बच्चा र आमालाई तेल लगाउनु पर्छ भन्ने सन्दर्भले नेपाली समाजको परिवेश देखा पर्दछ ।

**(४) उद्देश्य**

यस कथाको मूल उद्देश्य लोकबासीलाई मनोरञ्जन दिनु नै हो । राजकुमारी पात्रको माध्यमबाट रूपी र भँगेरासँग आफूले चाहे जस्तो विलासी जीवन जिउने माध्यम नभेटेर विवाह अस्वीकार गरेकाले अहिलेको हाम्रो समाजमा भइरहेको घटनालाई यस कथाबाट र सन्देश प्रवाह गरेको छ । दुई दिनको सुख खोजेर पनि सधै भरि सुख नै हुन्छ भन्ने हुँदैन भन्ने शिक्षा दिनु समेत यस कथाको मूल उद्देश्य रहेको छ ।

**(५) भाषाशैली**

यस कथाको भाषशैली सरल, सहज र अत्यन्तै मिठासपूर्ण रहेको छ । यस कथामा भाषिक जटिलता पटक्कै छैन । यो कथामा मानव र मानवेतर बिच मिठो संवादको प्रयोग भएको छ । जसले थोरैमा पनि धेरै अर्थपूर्ण र मार्मिक अभिव्यक्ति दिएको छ ।

## ४.४ निष्कर्ष

प्रस्तुत अध्ययनपत्रमा खोटाङको नुनथला क्षेत्रमा प्रचलित लोककथाहरू सङ्कलन गरिएको छ । सङ्लित लोककथा सङ्कलित लोककथा मुसा र राजकुमारी, स्वामरिपा, नुनको

पैचो, कञ्जुस बुढी र चलाख बटुवा, बुढाबुढीको कथा, लठेप्रो छोरो, थिविया चरा, चाम्लिङ्गे चुक्ली, कमिला र चरा, सियो र बन्दुक कथा दशलोककथाको तत्त्वगत विश्लेषण गरिएको छ । अध्ययनको क्रममा त्यस क्षेत्राको विभिन्न स्थानहरू स्कुल डाँडा, हाँवु, माहुरे, खिल्कु, धौलाङ् र खाम्ला, पुइलुङ जस्ता ठाउँमा गइ कथावाचकलाई वाचन गर्न लगाइ त्यसको श्रव्य र दृश्य अभिलेख राखि त्यहाँ भनिएका कथालाई जस्तोको त्यस्तै तेस्रो परिच्छेदमा सङ्कलित लोककथा शीर्षकअन्तर्गत वर्णानुक्रमानुसार राखिएको छ । यस अध्ययनपत्रको लागि सङ्कलन गरिएको कथाहरूमा *कमिला र चराको* कथामा साथीले साथीलाई दुःख र सङ्कट पर्दा साथ र सहयोग गर्नुपर्छ भन्ने विषयलाई कथानक बनाइएको छ । भने *कञ्जुस बुढी र चलाख बटुवा* कथामा आफ्नो घरमा बास माग्न आएको मानिसलाई सहयोग नगर्दा आफैलाई छक्याएको कुरालाई कथानक बनाइएको छ । त्यस्तै *चाम्लीङ्गे चुक्ली* कथामा असत्यको जित क्षणिक भए पनि ढिलो चाडो नराम्रो कर्मको फल पाइन्छ भन्ने विषयलाई कथानक बनाइएको छ । भने थिविया चरामा गरिबीको कारण सुन्दर परिवार नै ध्वस्त भएको विषयवस्तुलाई कथानक बनाइएको छ । छर छिमेकमा इमान्दार पूर्वक व्यवहार गर्नु पर्छ भन्ने विषय नुनको पैचोमा कथानक बनाइएको छ । त्यसै गरी *बन्दुक र सियोकथामा* समूह मिलेर काम गर्दा अफठ्यारो वा गाह्रो काम पनि सहजतापूर्वक गर्न सकिन्छ भन्ने विषयलाई कथानक बनाइएको छ । *बुढा र बुढीको* कथामा उल्टो बुद्धिले गर्दा अझ दुःख पाइन्छ भन्ने विषय कथानक बनाइएको छ भने *राजकुमारी र मुसाको* कथामा विलासी जीवन विताउन खोज्दा ज्यान समेत जान्छ भन्ने विषयलाई कथानक बनाइएको छ । *लठेप्रो छोरो* कथामा आफ्नो सन्तानलाई सधैं आफ्नो अधिनमा राख्दा समय परिस्थिति अनुसार हिड्न नसक्ने रहेछ भन्ने विषयलाई कथानक बनाइएको छ भने *स्वनारिपा* कथामा समाजमा मान्छेलाई मानवताप्रति गरिने व्यवहार नगर्दा सिङ्गो गाउँले भोग्नु परेको पीडालाई कथानक बनाइएको छ ।

*कमिला र चराको* कथामा कमिला, चरा र सिकारी पात्रको रूपमा छन् भने कमिला र चरा सत्पात्र हुन् भने सिकारी असत पात्र हुन् । कञ्जुस बुढी र चलाख बटुवालाई मात्र मात्रको रूपमा कञ्जुस *बुढी र चलाख बटुवा* कथामा प्रस्तुत गरिएको छ भने *चाम्लीङ्गे चुक्ली* कथामा साक्पाङ्को पुर्खा सत् पात्रको रूपमा र चाम्लीङ्गेको पुर्खा असत पात्रको रूपमा आएका छन् । त्यसै गरी थिविया चरा कथामा श्रीमान् श्रीमती र छोरा मानव पात्रमा छन् भने माछा मानवेतर पात्र हुन् । नुनको पैचो कथामा बखते सत् पात्र हुन् सखते असत पात्र हुन् । पाखाघरे भाइ र छिमेकीहरू गौण पात्रको रूपमा आएको छ । सिंह, सियो, बन्दुक, भटमास, गोबर, सिस्नु अरिङ्गल जस्ता पात्रहरू *सियो र बन्दुक* कथामा छन् भने *बुढा बुढीको* कथामा बुढा र बुढीलाई मात्र पात्रको रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै *राजकुमारी र मुसाको* कथामा राजकुमारी मानवीय पात्र हुन भने मुसा, भगेरा र रूपी मानववेतर पात्र हुन् । लठेप्रो छोरो कथामा आमा, छोरा र ससुरा प्रमुख पात्रको रूपमा छन् भने अन्य गौण

छन् भने *स्वनारिपा* कथामा स्वनारिपा र लामकाने मूख्य पात्र हुन् भने अन्य पात्रहरू गौण पात्रको रूपमा प्रस्तुत गरिएको छ ।

कमिला र चरा पशुपंक्षी सम्बन्धी लोककथा भएकाले खोला किनार र चरा बस्ने रुखलाई परिवेशको रूपमा देखाइएको छ । त्यसै गरी कञ्जुस बुढी र चलाख बटुवा कथामा कुनै एउटा गाउँलाई परिवेशको रूपमा चित्रण गरिएको छ भने चाम्लीङ्गे चुक्लीमा खोटाङ्को विभिन्न ठाउँहरू राप्सुखोलाको वरिपरि, नेर्पा बेसी, दिक्तेल मझुवा डाडाँ र बाँसपानीलाई परिवेशको रूपमा प्रस्तुत गरिएको छ । थिविया चरा कथामा कुनै गाउँको भिरालो जग्गा र खोला किनार परिवेशको रूपमा आएको छ । भने नुनको पैचो पनि खोटाङकै दिखुवा भन्दा माथि पोकुइपा भन्ने गाउँलाई परिवेशको रूपमा चित्रण गरिएको छ । एउटा टिपिकल गाउँ र त्यसै वरिपरिको वनजङ्जललाई परिवेशको रूपमा बन्दुक र सियो अनि बुढा बुढीको कथामा प्रस्तुत गरिएको छ । एकादेशबाट सुरु भएको राजकुमारी र मुसाको कथामा कुनै स्थान तोकेको छैन तर पनि मुसाको दरवार राजकुमारी बस्ने झ्याल जस्ता स्थानलाई परिवेशको रूपमा लिन सकिन्छ । लठेप्रो छोरो कथामा खेतीपाती र पशु र पशुपालन गर्ने ग्रामिण परिवेशलाई चित्रण गरिएको छ भने स्वनारिपा कथामा रावाखोलाको वेसी र त्यही आसपासको जङ्गललाई परिवेशको रूपमा देखाइएको छ ।

कमिला र चराको कथाम आपतविपत परेको बेला एक मित्रले अर्को मित्रलाई सहयोग गर्नुपर्छ भन्ने शिक्षा दिनु यस कथाको उद्देश्य हो भने कञ्जुसबुढी र चलाख बटुवाकथमा पनि आपतविपतमा सहयोग नगर्दा अरुलाई छक्याएर भएपनि आफ्नो सुरक्षा गर्नुपर्दो रहेछ भन्ने सन्देश दिन खोजिएको छ । चाम्लीङ् चुक्ली कथाको मूख्य उद्देश्य भनेको असत्यको फल ढिलो चाडो प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नमिठो नै आउछ भन्ने हो भने थिविया चरामा गरिबीको कारण सबै परिवार नै सकिदो रहेछ भने शिक्षा दिनु हो त्यसै गरी नुनको पैचो कथामा छरछिमेकमा इमानदारीपूर्वक ऐचो पैचो चलाउनुपर्छ भन्ने शिक्षा दिनु यसकथाको मुख्य उद्देश्य हो भने बन्दुक र सियो कथामा समूह मिलेर काम गर्दा अवश्य सफल भइन्छ भन्ने सन्देश दिएको छ । त्यस्तै बुढा र बुढीको कथामा प्राकृतिक विपती आउदा धैर्य र संयम हुनु भन्ने सन्देश दिएको छ भने राजकुमारी र मुसा कथामा विलासी जीवन विताउन खोज्दा अझ बढी दुःख भोग्नु पर्दो रहेछ भन्ने सन्देश यस कथाले दिएको छ । त्यसै गरी लठेप्रो छोरो कथामा सधै अरुको देखाएको बाटो मात्र हिड्दा समय परिस्थिति अनुसार आफू सक्षम हुन नसकिने कुरालाई यस कथामा मुख्य उद्देश्यको रूपमा प्रस्तुत गरिएको छ । त्यसै गरी स्वनारिपा कथामा एउटा मान्छेको बच्चाले पाउनु पर्ने माया, ममता र उचित साथ सहयोग नपाउदा कसरी राक्षस बन्दो रहेछ भन्ने शिक्षा दिनु हो भने अर्को पक्ष मान्छेलाई बाहिरी शारीरिक बनावट हेरेर मूल्याङ्कन गर्न हुदैन भन्ने सन्देश दिनु यसकथाको मूख्य उद्देश्य हो ।

प्रस्तुत कथाहरूमा भाषा र शैली दुवै सरल, सहज, प्रवाहपूर्ण र आकर्षक रहेको देखिन्छ । प्राचिन र सामजिक कथाहरूमा त्यसै अनुरूपका शव्दहरूको प्रयोग भएको पाइन्छ । प्रायः जसो सबै कथामा वर्णनात्मक शैलीको प्रयोग भएको देखिन्छ । प्रस्तुत कथाहरूमा अफठ्यारा अनर्थयुक्त शब्दहरूको प्रयोग नभइ दैनिक जीवनमा प्रयोग हुने बोधमय शब्दहरूको अधिक मात्रामा प्रयोगले कथा रोचक, रमाइलो र मिठासपूर्ण बन्न पुगेको छ । कतिपय कथामा मानवेतर पात्रको प्रयोग भए पनि भाषा मानवीय रूपमा सरस भाषा कै प्रयोग भएको देखिन्छ । सबै कथामा गाउँघरमा प्रयोग गरिने विभिन्न खालका थेगोहरू अनि, चै, रे जस्ता शब्दअहरूको प्रयोगले कथालाई अझ आकर्षक बनाएको महसुस भएको छ ।

# पाँचौँ परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

प्रस्तुत अध्ययनपत्रको पहिलो परिच्छेदमा अध्ययनको परिचयअर्न्तगत अध्ययनको बारेमा छोटकरिमा लेखिएको छ । विषयपरिचय, समस्य कथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महफ्व, सीमाङ्कन, अध्ययनविधि, अध्ययनको रूपरेखा रहेका छन् ।

प्रस्तुत अध्ययनपत्रको दोस्रो परिच्छेदमा नुनथलाक्षेत्रको सङ्क्षिप्त परिचय, विषयप्रवेश, परिचय, भौगोलिक अवस्था र क्षेत्रफल, शैक्षिक अवस्था, आर्थिक अवस्था, धार्मिक अवस्था, सामाजिक अवस्था, साँस्कृतिक अवस्था, राजनैतिक अवस्था लोकसाहित्यको अवस्था र निष्कर्ष रहेका छन् ।

तेस्रो परिच्छेदमा नुनथला क्षेत्रमा प्रचलित लोककथाहरू मुसा र राजकुमारी, स्वामरिपा, नुनको पैचो, कञ्जुस बुढी र चलाख बटुवा, बुढाबुढीको कथा, लठेप्रो छोरो, थिविया चरा, चाम्लिङ्गे चुक्ली, कमिला र चरा, सियो र बन्दुक कथा शीर्षकका दशवटा लोककथाको सङ्कलन गरिएको छ ।

चौँथो परिच्छेदमा सङ्कलित कथाको वर्गीकरण र विश्लेषण रहेको छ । माथि उल्लिखित कथाहरू मुसा र राजकुमारी, स्वामरिपा, नुनको पैचो, कञ्जुस बुढी र चलाख बटुवा, बुढाबुढीको कथा, लठेप्रो छोरो, थिविया चरा, चाम्लिङ्गे चुक्ली, कमिला र चरा, सियो र बन्दुक कथाको कथानक, सहभागी, उद्देश्य, परिवेश र भाषाशैलीको आधारमा विश्लेषण गरिएको छ ।

पाँचौं परिच्छेदमा सारांश तथा निष्कर्ष, उपसंहार र सन्दर्भ सामग्रीसूची रहेका छन् । सारांशमा अध्ययनपत्रमा समावेश गरिएको सबै परिच्छेदको मूल शीर्षकबारे जानकारी गराइएको छ । निष्कर्षमा यस अध्ययनपत्रमा समावेश सबै कथाको मूल विषयवस्तुबारे जानकारी गराइएको छ ।

## ५.२ निष्कर्ष

खोटाङको नुनथला क्षेत्रअर्न्तगत कथा सङ्कलन गर्ने क्रममा लोक भित्रनै लुकेर रहेका धेरै किंवदन्तीहरू हाम्रो व्यावहारिक जीवनसँगै सम्बन्धित रहेको देखियो । समाजमा रहेका लोककथालाई सङ्कलनका लागि गरिएका भ्रमण, कुराकानीले कतिपय कुराहरू अधुरो नै रहने भयो कतिपय व्यक्तिहरू जानेर पनि ती कुरा भन्न नमान्ने कतिपय व्यक्तिले भने तापनि रेकर्ड गर्नका लागि र नाम भन्नका लागि असमर्थता जनाउने पनि देखियो । यस

अध्ययनपत्रले अग्रजहरूको मनमस्तिष्कमा रहेका विभिन्न अनुभबहरू सङ्गालेर उहाँहरूको बहुमूल्य अनुभवलाई लोककथाको रूपमा सङ्कलन गर्ने अवसर प्राप्त भयो । यस अध्ययनपत्रको सहायताले समाजमा व्याप्त संस्कृति, संकार, जात्रा, पर्व, मठमन्दिर, ऐतिहासिक स्थल, ऐतिहासिक तथ्यसम्बन्धी जानकारी हासिल गर्ने सुनौलो मौका प्राप्त भयो । यस अध्ययनपत्रको लागि लोककथा सङ्कलन गर्ने क्रममा हाम्रो समाजमा व्याप्त विविध प्रकारका समस्याहरू पनि पत्ता लगाउने बाटो पनि बुझियो । हाम्रो विचार सल्लाह सुझाव हाम्रा कथाको मूल्य मान्यताको आधारमा हाम्रो समाज चलेका छ । तर अहिलेको परिवेश र परिवर्तनले हाम्रो समाजमा अग्रजको विचार, भावना सुन्ने व्यक्तिको कमी हुने, कदर नहुनाले व्यक्तिहरु बोल्नै नरुचाउने देखियो । तुलनात्मक रूपमा हेर्दा आज पनि गाउँघरको वयस्कहरूको बोलीको बोलीको कदर हुने रहेछ । मठमन्दिर धर्मकर्मप्रति परिवर्तन शहरीकरण र पाश्चात्य संस्कृतिको प्रभावले युवाहरूमा नकारात्मक असर देखियो । त्यसकारण हाम्रो संस्कार, संस्कृति भेषभूषा जस्ता विविध पक्ष नै धरापमा पर्ने जस्तो महसु भयो ।

प्रस्तुत अध्ययनपत्रमा खोटाङको नुनथला क्षेत्रमा प्रचलित लोककथाहरू सङ्कलन गरिएको छ । सङ्लित लोककथा सङ्कलित लोककथा मुसा र राजकुमारी, स्वामरिपा, नुनको पैचो, कञ्जुस बुढी र चलाख बटुवा, बुढाबुढीको कथा, लठेप्रो छोरो, थिविया चरा, चाम्लिङ्गे चुक्ली, कमिला र चरा, सियो र बन्दुक कथा दशलोककथाको तफ्वगत विश्लेषण गरिएको छ । अध्ययनको क्रममा त्यस क्षेत्राको विभिन्न स्थानहरू स्कुल डाँडा, हाँवु, माहुरे, खिल्कु, धौलाङ् र खाम्ला, पुइलुङ जस्ता ठाउँमा गइ कथावाचकलाई वाचन गर्न लगाइ त्यसको श्रव्य र दृश्य अभिलेख राखि त्यहाँ भनिएका कथालाई जस्तोको तस्तै तेस्रो परिच्छेदमा सङ्कलित लोककथा शीर्षकअर्न्तगत वर्णानुक्रमानुसार राखिएको छ ।

यस अध्ययनपत्रको लागि सङ्कलन गरिएको कथाहरूमा ‘कमिला र चराको’ कथामा साथीले साथीलाई दुःख र सङ्कट पर्दा साथ र सहयोग गर्नुपर्छ भन्ने विषयलाई कथानक बनाइएको छ । भने ‘कञ्जुस बुढी र चलाख बटुवा’ कथामा आफ्नो घरमा बास माग्न आएको मानिसलाई सहयोग नगर्दा आफैलाई छक्याएको कुरालाई कथानक बनाइएको छ । त्यस्तै ‘चाम्लीङ्गे चुक्ली’ कथामा असत्यको जित क्षणिक भए पनि ढिलो चाडो नराम्रो कर्मको फल पाइन्छ भन्ने विषयलाई कथानक बनाइएको छ । भने ‘थिविया चरामा गरिबीको कारण सुन्दर परिवार नै ध्वस्त भएको विषयवस्तुलाई कथानक बनाइएको छ । छर छिमेकमा इमान्दार पूर्वक व्यवहार गर्नु पर्छ भन्ने विषय नुनको पैचोमा कथानक बनाइएको छ । त्यसै गरी ‘बन्दुक र सियो’ कथामा समूह मिलेर काम गर्दा अफठ्यारो वा गाह्रो काम पनि सहजतापूर्वक गर्न सकिन्छ भन्ने विषयलाई कथानक बनाइएको छ । ‘बुढा र बुढी’ को कथामा उल्टो बुद्धिले गर्दा अझ दुःख पाइन्छ भन्ने विषय कथानक बनाइएको छ भने ‘राजकुमारी र मुसा’ कथामा विलासी जीवन विताउन खोज्दा ज्यान समेत जान्छ भन्ने

विषयलाई कथानक बनाइएको छ । 'लठेप्रो छोरो' कथामा आफ्नो सन्तानलाई सधै आफ्नो अधिनमा राख्दा समय परिस्थिति अनुसार हिड्न नसक्ने रहेछ भन्ने विषयलाई कथानक बनाइएको छ भने 'स्वनारिपा' कथामा समाजमा मान्छेलाई मानवताप्रति गरिने व्यवहार नगर्दा सिङ्गो गाउँले भोग्नु परेको पीडालाई कथानक बनाइएको छ ।

'कमिला र चरा' कथामा कमिला, चरा र सिकारी पात्रको रूपमा छन् भने कमिला र चरा सत्पात्र हुन् भने सिकारी असत पात्र हुन् । कञ्जुस बुढी र चलाख बटुवालाई मात्र मात्रको रूपमा कञ्जुस 'बुढी र चलाख बटुवा' कथामा प्रस्तुत गरिएको छ भने 'चाम्लीङ्गे चुक्ली' कथामा साक्पाङ्को पुर्खा सत् पात्रको रूपमा र चाम्लीङ्गेको पुर्खा असत पात्रको रूपमा आएका छन् । त्यसै गरी थिविया चरा कथामा श्रीमान् श्रीमती र छोरा मानव पात्रमा छन् भने माछा मानवेतर पात्र हुन् । नुनको पैचो कथामा बखते सत् पात्र हुन् सखते असत पात्र हुन् । पाखाघरे भाइ र छिमेकीहरू गौण पात्रको रूपमा आएको छ । सिंह, सियो, बन्दुक, भटमास, गोबर, सिस्नु अरिङ्गल जस्ता पात्रहरू 'सियो र बन्दुक' कथामा छन् भने 'बुढा बुढी' कथामा बुढा र बुढीलाई मात्र पात्रको रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै 'राजकुमारी र मुसा' कथामा राजकुमारी मानवीय पात्र हुन भने मुसा, भगेरा र रूपी मानववेतर पात्र हुन् । लठेप्रो छोरो कथामा आमा, छोरा र ससुरा प्रमुख पात्रको रूपमा छन् भने अन्य गौण छन् भने 'स्वनारिपा' कथामा स्वनारिपा र लामकाने मूख्य पात्र हुन् भने अन्य पात्रहरू गौण पात्रको रूपमा प्रस्तुत गरिएको छ ।

कमिला र चरा पशुपंक्षीसम्बन्धी लोककथा भएकाले खोला किनार र चरा बस्ने रुखलाई परिवेशको रूपमा देखाइएको छ । त्यसै गरी 'कञ्जुस बुढी र चलाख बटुवा' कथामा कुनै एउटा गाउँलाई परिवेशको रूपमा चित्रण गरिएको छ भने चाम्लीङ्गे चुक्लीमा खोटाङ्को विभिन्न ठाउँहरू राप्सुखोलाको वरिपरि, नेर्पा बेसी, दिक्तेल मझुवा डाडाँ र बाँसपानीलाई परिवेशको रूपमा प्रस्तुत गरिएको छ । 'थिविया चरा' कथामा कुनै गाउँको भिरालो जग्गा र खोला किनार परिवेशको रूपमा आएको छ । भने नुनको पैचो पनि खोटाङकै दिखुवा भन्दा माथि पोकुइपा भन्ने गाउँलाई परिवेशको रूपमा चित्रण गरिएको छ । एउटा टिपिकल गाउँ र त्यसै वरिपरिको वनजङ्जललाई परिवेशको रूपमा 'बन्दुक र सियो' अनि 'बुढा बुढी' कथामा प्रस्तुत गरिएको छ । एकादेशबाट सुरु भएको राजकुमारी र मुसाको कथामा कुनै स्थान तोकेको छैन तर पनि मुसाको दरवार राजकुमारी बस्ने झ्याल जस्ता स्थानलाई परिवेशको रूपमा लिन सकिन्छ । लठेप्रो छोरो कथामा खेतीपाती र पशु र पशुपालन गर्ने ग्रामिण परिवेशलाई चित्रण गरिएको छ भने 'स्वनारिपा' कथामा रावाखोलाको वेसी र त्यही आसपासको जङ्गललाई परिवेशको रूपमा देखाइएको छ ।

'कमिला र चरा' कथाम आपतविपत परेको बेला एक मित्रले अर्को मित्रलाई सहयोग गर्नुपर्छ भन्ने शिक्षा दिनु यस कथाको उद्देश्य हो भने 'कञ्जुसबुढी र चलाख बटुवा' कथामा पनि आपतविपतमा सहयोग नगर्दा अरुलाई छक्याएर भए पनि आफ्नो सुरक्षा गर्नुपर्दो रहेछ

भन्ने सन्देश दिन खोजिएको छ । 'चाम्लीङ् चुक्ली' कथाको मुख्य उद्देश्य भनेको असत्यको फल ढिलो चाडो प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नमिठो नै आउछ भन्ने हो भने 'थिविया चरा' कथामा गरिबीको कारण सबै परिवार नै सकिदो रहेछ भने शिक्षा दिनु हो त्यसै गरी नुनको पैचो कथामा छरछिमेकमा इमानदारीपूर्वक ऐचो पैचो चलाउनुपर्छ भन्ने शिक्षा दिनु यसकथाको मुख्य उद्देश्य हो भने 'बन्दुक र सियो' कथामा समूह मिलेर काम गर्दा अवश्य सफल भइन्छ भन्ने सन्देश दिएको छ । त्यस्तै 'बुढा र बुढी' कथामा प्राकृतिक विपती आउदा धैर्य र संयम हुनु भन्ने सन्देश दिएको छ भने 'राजकुमारी र मुसा' कथामा विलासी जीवन विताउन खोज्दा अझ बढी दुःख भोग्नु पर्दो रहेछ भन्ने सन्देश यस कथाले दिएको छ । त्यसै गरी लठेप्रो छोरो कथामा सधै अरुको देखाएको बाटो मात्र हिड्दा समय परिस्थिति अनुसार आफू सक्षम हुन नसकिने कुरालाई यस कथामा मुख्य उद्देश्यको रूपमा प्रस्तुत गरिएको छ । त्यसै गरी स्वनारिपा कथामा एउटा मान्छेको बच्चाले पाउनु पर्ने माया, ममता र उचित साथ सहयोग नपाउदा कसरी राक्षस बन्दो रहेछ भन्ने शिक्षा दिनु हो भने अर्को पक्ष मान्छेलाई बाहिरी शारीरिक बनावट हेरेर मूल्याङ्कन गर्न हुदैन भन्ने सन्देश दिनु यसकथाको मूख्य उद्देश्य हो ।

प्रस्तुत कथाहरूमा भाषा र शैली दुवै सरल, सहज, प्रवाहपूर्ण र आकर्षक रहेको देखिन्छ । प्राचिन र सामजिक कथाहरूमा त्यसै अनुरूपका शव्दहरूको प्रयोग भएको पाइन्छ । प्रायः जसो सबै कथामा वर्णनात्मक शैलीको प्रयोग भएको देखिन्छ । प्रस्तुत कथाहरूमा अफठ्यारा अनर्थयुक्त शब्दहरूको प्रयोग नभइ दैनिक जीवनमा प्रयोग हुने बोधमय शब्दहरूको अधिक मात्रामा प्रयोगले कथा रोचक, रमाइलो र मिठासपूर्ण बन्न पुगेको छ । कतिपय कथामा मानवेतर पात्रको प्रयोग भए पनि भाषा मानवीय रूपमा सरस भाषा कै प्रयोग भएको देखिन्छ । सबै कथामा गाउँघरमा प्रयोग गरिने विभिन्न खालका थेगोहरू अनि, चै, रे जस्ता शब्दअहरूको प्रयोगले कथालाई अझ आकर्षक बनाएको छ ।

# सन्दर्भ सामग्रीसूची

पौडेल, बोधराज (२०७२), "हलेसी क्षेत्रमा प्रचलित लोककथाको अध्ययन", अप्रकाशित स्नातकोत्तर अध्ययनपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

राई, जीवन ज्वाला (२०६१), *सिर्जना,* (सम्पा. मकर राई), 'नुनथलाको सङ्क्षिप्त परिचय', सिर्जनशील साहित्यिक समाज : नुनथला खोटाङ पृ. १-१० ।

श्रेष्ठ, अर्जुनकुमार (२०७९), "खोटाङ जिल्लाको रावावेशी गाउँपालिका क्षेत्रमा प्रचलित लोककथाको अध्ययन", अप्रकाशित स्नातकोत्तर अध्ययनपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

http://rupakotmajhuwagadhimun.gov.np/en

https://censusnepal.cbs.gov.np/